
# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क १४ पूर्णाङ्क २५२ | २०७८ असोज ११ गते सोमबार | Monday, 27 Sep., 2021 | पृष्ठ ८ | मूल्य रू. १०।–


## कमरेड जगत बहादुर श्रेष्ठको दोस्रो स्मृति कार्यक्रम सम्पन्न





❑ प्रेम कडेल

चितवन/ नेकपा (क्रान्तिकारी माओवादी) चितवनको आयोजनामा पार्टीका सल्लाहकार जगत बहादुर श्रेष्ठको दोस्रो स्मृति कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा नेकपा क्रान्तिकारी माओवादीकी पीवीएम *बाँकी ७ पेजमा*

# कालापानी क्षेत्रको जनगणना गर्न डरायो देउवा सरकार

काठमाडौं। शेरबहादुर देउवा नेतृत्वको सरकारले जनगणना गर्ने सरकारी निकाय केन्द्रीय तथ्यांक विभागलाई कालापानी क्षेत्रको जनगणनाका लागि कुनै निर्देशन दिएको छैन। नेपाली कांग्रेसका सभापति समेत रहेका देउवाले ठोस निर्देशन नदिएको भन्दै केन्द्रीय तथ्यांक विभागले लिम्पियाधुरा-लिपुलेक-कालापानी क्षेत्रमा जनगणना गर्ने विषयमा ठोस योजना बनाएको छैन। लिपुलेकदेखि, नाभिडाङ, तिल्सी (कालापानी), गुन्जी, नाभी, कुटी, जोलिङकाङ हुँदै लिम्पियाधुरासम्मको भूभागमा २०१८ सालयता नेपाल सरकारले जनगणना गरेको छैन। नेकपा (क्रान्तिकारी माओवादी) लगायत देशभक्त, वामपन्थी तथा कम्युनिस्ट क्रान्तिकारी शक्तिले निरन्तर रूपमा दिएको दबाब र गरेको सडक आन्दोलनका कारण तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले उक्त भूमि समावेश गरी नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गरेको थियो। तर नक्सा अनुसारको नेपाली भूमि भारतीय शासकहरूबाट फिर्ता ल्याउने विषयमा ठोस पहल गरिएन। वर्तमान देउवा सरकारले उक्त क्षेत्रको 'जनगणना'मा बेवास्ता गरेर घुमाउरो रूपमा भारतको विस्तारवादी नीति र योजनालाई नै बल पुग्ने काम गरिरहेको छ।






भारतले आफ्नो विस्तारवादी नीति र योजना अनुसार कालापानीमा आफ्नो सेना राखेर करिब ४ सय वर्ग किमी क्षेत्रफल भएको नेपाली भूमि विगत लामो समयदेखि आफ्नो नियन्त्रमा राख्दै आएको छ। नेपाललाई थाहै नदिई चीनसँग गरिएको लिपुसम्झौतादेखि लिपुलेक क्षेत्रमा बनाइरहेको सडक सञ्जाल लगायतमा विषयमा नेपालमा ठूलो विरोध हुँदै आएको छ। देशभक्त र क्रान्तिकारी जनता निरन्तर सडकमा उत्रिएर भारतीय हस्तक्षेप र अतिक्रमणको तीव्र रूपमा विरोध गर्दै आएका छन्। जनताको दबाबमा सरकारले उक्त भूमिसहितको नयाँ नक्सा जारी गरे पनि कालापानी क्षेत्रबाट भारतीय सेना हटाउने र भूमि फिर्ता गराउने विषयमा ठोस पहल गरेको छैन। उल्टै उक्त क्षेत्रमा जनगणना समेत गर्न नसकिने भन्दै निरिहता प्रदर्शन गरिरहेको छ। यहाँसम्म कि महाकाली नदी तर्दै गर्दा एसएसबीले तुइन काटिदिएर महाकालीमा खसालेर नेपाली युवाको हत्या गरिदा समेत भारतसँग देउवा सरकारले कुरा गर्ने आँट गर्न सकेन र हत्यारालाई कारबाहीको दायरामा ल्याउन कुनै पहल गरेन।

योजनाबद्ध रूपमा विभिन्न मिथ्यांक प्रस्तुत गर्दै अन्तर्राष्ट्रिय जगतलाई समेत भ्रमित तुल्याउँदै नेपालको कालापानी क्षेत्रमा भारतले आफ्नो भएको दाबी गरिरहेको बेला नेपाल सरकारले 'जनगणना' नगर्दा भारतीय दाबीलाई नै बल पुग्ने भन्दै अहिले चौतर्फी रूपमा कालापानी क्षेत्रको गणना गर्न गराउन सरकारलाई सार्वजनिक दबाब बढिरहेको छ। तर देउवा नेतृत्वको सरकारले भने यसप्रति वेवास्ता गरिरहेको छ र तथ्यांक विभागले कालापानी क्षेत्रमा भारतीय सेनाको कब्जा रहेको जनगणना गर्न सम्भव नरहेको सार्वजनिक अभिव्यक्ति दिँदै आएको छ।

*'विभागलाई तत्काल निर्देशन देऊ'*

सीमाविद् बुद्धिनारायण श्रेष्ठलगायत नागरिक अगुवाहरूले तत्काल जनगणनाका लागि केन्द्रीय तथ्यांक विभागलाई निर्देशन दिन देउवा सरकारलाई अग्रह गरेका छन्। 'कालापानी क्षेत्रको जनगणना किन नगर्ने' भन्ने शीर्षकमा एक लेख लेख्दै *बाँकी ५ पेजमा*

## अखिल नेपाल क्रान्तिकारी वैदेशिक मजदुर संघको भेला सम्पन्न



काठमाडौ। अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ सम्बद्ध अखिल नेपाल क्रान्तिकारी वैदेशिक मजदुर संघको प्रथम भेला सम्पन्न भएको छ। काठमाडौमा सम्पन्न भेला युवराज थापाको संयोजकत्वमा क्रमशः मोहन राउत, सुबोध लामिछाने, जीवन कार्की, नारायण खत्री, पारस साउद, कृष्ण राउत सह-संयोजक रहेको २९ सदस्यीय केन्द्रीय भेला आयोजक समिति गठन गरेको छ।

मुख्यतः वैदेशिक रोजगारीको शिलशिलामा भारत, मलेसिया, मध्यपुर्व तथा संसारभरि *बाँकी ६ पेजमा*

## प्रहरी ज्यादतिविरूद्ध नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको गम्भीर ध्यानाकर्षण

मकवानपुर। मकवानपुर जिल्ला बकैया ११ हात्तिसुडेका तामांग समुदायका करीव१० जनालाई प्रहरीले गिरफतार गरि पञ्चायती कालिन कानुनका आधारमा उनीहरूकमाथि मुद्दा चलाउने षडयन्त्र भइरहेका छ। उक्त प्रहरी ज्यादती विरुद्ध नेपाल तामांग राष्टिय मुक्ति मोर्चा केन्द्रीय कार्यालयको गम्भीर ध्यानआकर्षणसहित प्रेस वक्तव्य प्रकाशित गरिएको छ।

## क्रान्तिकारी माओवादी सू.प. प्रदेशको बैठक सम्पन्न

❑ **धनञ्जय अवस्थी**

कञ्चपुर। नेकपा (क्रान्तिकारी माओवादी) सुदुरपश्चिम प्रदेशको बैठक सम्पन्न भएको छ। मंगलबार नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणको विशेष उपस्थितिमा कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका ११ अमरपुर कृष्ण सामुदायिक वनको भवनमा प्रदेश कमिटीको चौथो पुर्ण बैठक सम्पन्न भएको हो।

बैठकमा पार्टीका निवर्तमान सुदुरपश्चिम प्रदेश ईन्चार्ज अनुकूल पाटीका सुदुरपश्चिम प्रदेश इन्चार्ज तथा केन्द्रीय



सदस्य डायमण्ड, केस तथा सहइन्चार्जहरू बिक्रान्त, लालिकिरण लगायत नेताहरूको उपस्थिति रहेको थियो।

बैठकले राष्ट्रियता, जनतन्त्र र जनजिविकाका लागि निरन्तर संघर्ष गर्ने निर्णय गरेको छ। सुदुरपश्चिम प्रदेशका सिमा समस्या समाधान गर्न सरकारलाई दवाव दिने, एमसिसी सम्झौता खारेजीको माग गर्दै सङ्घर्ष गर्ने र संगठन बिस्तार, संगठन पुनर्निर्माण गर्ने लगायतका निर्णयहरू गरिएका छन्। देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको संगठन निर्माण, सदस्यता वितरण गर्ने, जवस *बाँकी ६ पेजमा*

## दाङमा अखिल (क्रान्तिकारी) को संगठन बिस्तार अभियान







दाङ। दाङ जिल्लाका विभिन्न स्कुल तथा क्याम्पसहरूमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)ले आफनो संगठन बिस्तारलाई तीव्र पारेको छ। यसै क्रममा जिल्लाको सिद्ध पृथ्वी जनता माविमा एक कार्यक्रमका बीच ११ सदस्यीय कमिटी गठन गरिएको छ।

जसमा अध्यक्ष- अविशेक वलि, उपाध्यक्ष- सृजना खडका र सुनिता के सी, सचिव-कमल चौधरी, सहसचिव- मोहन डागी, सदस्यहरूमा डिला चौधरी, भुमा थापा, ममता विक र सुदन चौधरी रहेका छन्। उक्त कार्यक्रममा अखिल (क्रान्तिकारी) का फयाक्सन इन्चार्ज वासु भण्डारी, अखिल (क्रान्तिकारी) दाङ जिल्ला अध्यक्ष मनोज थापा, अखिल (क्रान्तिकारी) का करण खडका, आयुस रसायली लगायतका नेताहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा संगठित विध्यार्थीहरूलाई बधाई तथा शुभकामना *बाँकी ६ पेजमा*

# पोखरामा नेकपा (क्रान्तिकारी माओवादी)को अन्तरक्रिया कार्यक्रम सम्पन्न

पोखरा। नेकपा (क्रान्तिकारी माओवादी) ४ नम्बर प्रदेस समितिद्वारा नेपालको वर्तमान संविधान, राज्यको स्वरूप र परिवर्तनको आवश्यकता विषयक एकदिने अन्तरक्रियात्मक कार्यक्रम भव्य रूपमा सम्पन्न भएकोछ। प्रदेस नम्बर ४ को सचिव केशबहादुर परियारको अध्यक्षता र निश्चलको सञ्चालनमा सम्पन्न उक्त अन्तक्रियात्मक कार्यक्रममा पार्टीका स्थायी सदस्य क. रामसिँह श्रीसले नेपालको संविधान २०७२ प्रति नेकपा (क्रान्तिकारी माओवादी) को धारणा लिखित प्रस्तुत गर्नुभयो भने केन्द्रीय सल्लाहकार समितिका संयोजक प्रा.डा. ओम गुरूङले नेपालको वर्तमान संविधान, राज्यको स्वरूप तथा परिवर्तनको आवश्यकताबारे





अर्को अवधारणा प्रस्तुत गर्नुभयो।

आफ्नो प्रस्तुतिको क्रममा श्रीसले नेपालको संविधानले प्रतिक्रियावादी राज्यसत्ताकै चरित्र बोकेकोले आफू सम्बद्ध पार्टीले यो संविधानलाई स्कीकार गर्न नसकेको कुरा बताउनु भयो। उहाँले अहिलेको गणतन्त्र प्रतिक्रियावादी *बाँकी ६ पेजमा*

## वैज्ञानिक समाजवाद र जनमत सङ्ग्रहको कार्यनीतिबारे

***कुनै पनि देशको अग्रगमनका निम्ति बाधक रहेका शक्तिहरूको स्वार्थको रक्षागर्ने प्रतिक्रियावादी राज्यसत्तालाई विस्थापित गरी त्यसका ठाउँमा क्रान्तिकारी सत्ता निर्माण गर्नका लागि अवलम्बन गरिने समग्र नीति नै रणनीति हो***



● इन्द्रमोहन सिग्देल ●

कमरेड विप्लवको नेतृत्वमा रहेको नेपाल कम्युनिस्ट पार्टीले वैज्ञानिक समाजवादलाई क्रान्तिको न्यूनतम कार्यक्रम र प्रगतिशील सरकारको स्थापना तथा त्यसैको नेतृत्वमा हुने जनमत सङ्ग्रहलाई पार्टीको तात्कालिक कार्यनीतिका रूपमा अगाडि सारेको छ। पार्टीमाथिको प्रतिबन्ध हटेर यो कार्यनीति सहित पार्टी खुला राजनीतिमा आएपछि यसबारे विभिन्न कोणबाट प्रश्नहरू उठ्न थालेका छन्। त्यसो त नेकपाले पहिलेदेखि नै मार्क्सवादका तीनवटै सङ्घटक अङ्गहरूमा विकास गरेको दावी गरेको छ र ती विषयमा पनि बहस हुँदै आएको छ। परन्तु, यस पटक ती सबै विषयहरूमा प्रवेश नगरी यो लेख नेकपाले अगाडि सारेको क्रान्तिको न्यूनतम कार्यक्रम र त्यसलाई प्राप्त गर्ने तात्कालिक कार्यनीतिसँग सम्बन्धित केही विषयहरूको वरिपरि मात्र केन्द्रित रहने छ।

कुनै पनि देशको अग्रगमनका निम्ति बाधक रहेका शक्तिहरूको स्वार्थको रक्षा गर्ने प्रतिक्रियावादी राज्यसत्तालाई विस्थापित गरी त्यसका ठाउँमा क्रान्तिकारी सत्ता निर्माण गर्नका लागि अवलम्बन गरिने समग्र नीति नै रणनीति हो। सर्वहारा वर्गको पार्टीको नेतृत्वमा हुने त्यस्तो रणनीतिको सफल कार्यान्वयनले सम्बन्धित समाजमा विद्यमान आधारभूत अन्तरविरोधहरूको समाधान गरी उक्त समाजको अग्रगमनका लागि उपयुक्त अर्थ-राजनीतिक कार्यक्रम लागुगर्ने बाटो खोल्छ। न्यूनतम कार्यक्रम र त्यसलाई प्राप्त गर्ने रणनीति छिन छिनमा परिवर्तन *बाँकी ७ पेजमा*

## सम्पादकीय

### कालापानी क्षेत्रको जनगणना गर !

कालापानी क्षेत्र (लिम्पियाधुरा-लिपुलेक-कालापानी) नेपाली भूभाग हो । यो भूभाग समावेश गरी सरकारले नयाँ (चुच्चे) नक्सा जारी गरिसकेको छ । नक्सामा भएको नेपाली भूभाग (कालापानी क्षेत्र) भारतीय कब्जामा छ । भारतको विस्तारवादी नीति र योजना अनुसार नै उक्त नेपाली भूमिमाथि भारतले कब्जा गरिराखेको छ । र, कालापानीमा चीन र भारतबीच भएको युद्धताकादेखि नै भारतीय सेना तैनाथ गरिएको छ । भारतीय सेनाले नेपालीलाई आफ्नै भूभागमा आवागमन गर्न पनि प्रतिबन्ध लगाएको छ । यहाँसम्म कि ती भूभागमा नेपाल सरकारको कुनै उपस्थिति छैन । र, २०१८ सालयता त्यस क्षेत्रमा जनगणना हुन सकेको छैन । यसपटक पनि जनगणना गर्ने हिम्मत सरकार (देउवा सरकार)ले गरिरहेको छैन ।

यसपटक सरकारले कात्तिक २५ देखि मंसिर ९ गत्तेसम्म जनगणना गर्दैछ । नेपाली नागरिक 'कोही नछुटुन र कोही नदोहोरिउन्' भन्ने मूल मान्यताका साथ गरिने जनगणनामा यसपटक पनि लिपुलेकदेखि, नाभिडाङ, तिल्सी (कालापानी), गुन्जी, नाभी, कुटी, जोलिङकाङ हुँदै लिम्पियाधुरासम्मको भूभागमा बसोबास गर्ने नेपाली जनगणनामा छुट्ने स्थिति पैदा भएको छ । देउवा सरकारले त्यस क्षेत्रको जनगणना गर्न अहिलेसम्म केन्द्रीय तथ्यांक विभागलाई निर्देशन दिएको छैन, न त भारतसँग कुनै कुटनीतिक पहल नै गरेको छ । भारतीय सेनाको कडा गस्ती रहेको भन्दै जनगणना गर्न नसकिने निरिहता प्रदर्शन गरिरहेको छ । आफ्नै नागरिक भारतीय सीमा सुरक्षा फौजले तुइन काटेर महाकालीमा खसालेर हत्या गर्दा समेत चुइक्क नबोल्ने देउवा सरकारले कालापानी क्षेत्रमा जनगणना गराउने र कब्जा गरेको भूमि फिर्ता गराउने विषयमा भारतसँग कुटनीतिक तथा राजनीतिक पहल गर्छ भन्ने कुरामा जनताले विश्वास गर्न सकिरहेका छैनन् । विगतमा चुच्चे नक्सा पनि तत्कालीन केपी ओली नेतृत्वको सरकारले चाहेका कारण सम्भव नभएर जनदबाबका कारण सम्भव भएकोले अब जनगणनाका लागि पनि जनदबाब सृष्टि गर्नुपर्ने देखिएको छ ।

योजनाबद्ध रूपमा विभिन्न मिथ्यांक प्रस्तुत गर्दै अन्तर्राष्ट्रिय जगतलाई समेत भ्रमित तुल्याउँदै नेपालको कालापानी क्षेत्रमा भारतले आफ्नो भएको दाबी गरिरहेको बेला नेपाल सरकारले 'जनगणना' नगर्दा भारतीय दाबीलाई नै बल पुग्ने भन्दै अहिले चौतर्फी रूपमा कालापानी क्षेत्रको गणना गर्न गराउन सरकारलाई सार्वजनिक दबाब बढिरहेको छ ।

नागरिकलाई सरकारको अनुभूति गराउनु राज्यको आधारभूत र प्रमुख दायित्व हो । यही दायित्वबाट विभिन्न नाम र बहानामा सरकार पछाडि हटिरहेको छ । र, आफ्नै भूमि र नागरिकको रक्षा गर्न असफल बनिरहेको छ । यो भन्दा लज्जास्पद विषय अरु के हुन सक्छ ?

प्रत्येक १० बर्षमा एकपटक गरिने जनगणनाको अहिले १२ औं श्रृङखला चलिरहेको छ । प्रत्यक्ष भौतिक रूपमा जनगणना गर्न तत्कालका लागि असम्भव भए पनि सरकारले आधुनिक सुचना प्रविधिलाई प्रयोग गरेर जनसंख्याको तथ्यांक संकलन गर्नुपर्छ । त्यसमा पनि पहिलो प्रयास भौतिक रूपमै त्यस क्षेत्रमा गएर तथ्यांक संकलन गर्ने प्रयास गर्नुपर्दछ । त्यसरी भौतिक रूपमा जनगणनाका लागि गणकहरू जाँदा उनीहरूको सुरक्षार्थ नेपाली सुरक्षाकर्मीलाई पनि परिचालन गर्नुपर्दछ । त्यस प्रक्रियामा यदि भारतीय सेनाले अवरोध गऱ्यो भने यो मुद्दा अन्तर्राष्ट्रियकरण हुन्छ र भारतबाट नेपाली भूमि फिर्ता गराउने एउटा राम्रो अभियान वा आन्दोलन नै बन्न सक्तछ । तसर्थ, कालापानी क्षेत्रको जनगणना गर्न खुट्टा नकमाइकन सरकारले तत्काल केन्द्रीय तथ्यांक विभागलाई निर्देशन दिनुपर्दछ । र, प्रक्रियालाई तत्काल अगाडि बढाउनु पर्दछ ।

कालापानी क्षेत्रको जनगणना तथ्यांक स्थापना गरिएन भने नेपालको भौगोलिक अखण्डता, स्वाधीनतामा प्रतिकूल असर पर्छ । राष्ट्रियताका यस्ता सवालमा सरकार पछि हट्नु हुँदैन, मातहतका निकाय तथा तथ्यांक विभागलाई सरकारले वेलैमा निर्देशन दिनुपर्छ । यसका लागि देशभक्त क्रान्तिकारी शक्तिले सडकबाट दबाब समेत सिर्जना गर्न जरुरी छ ।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

# मानव सभ्यताको इतिहास ज्ञानको विकासबाट शुभारम्भ

*मानिसहरूको तुलनामा जनावर र किरा-फत्याङ्गाहरूमा एकप्रकारको चेतना त छ तर उनीहरूमा चिन्तन गर्ने क्षमता छैन । तवत उनीहरू आफुलाई आवश्यक अनुरूप कुनै वस्तु निर्माण गर्न सक्दैन । प्रकृतिमा जे छ त्यसैबाट आफ्नो जीवन निर्वाह गर्ने गर्छन । यहि त हो मानिस र जनावरहरूबीचको भिन्नता*



● पुष्प गोपाल श्रेष्ठ ●

क्रान्तिकारी वैज्ञानिक दृष्टिकोण भनेको 'तथ्यको आधारमा सत्य खोज्नु' हो र घमण्डसाथ आफुलाई अचूक ठान्ने सबैलाई भाषण दिँदै हिंड्ने बानीबाट कहिल्यै कुनै समस्याको टुङ्गो लाग्न सक्दैन । हाम्रो देशमाथि आइपरेका विपत्तिहरू ज्यादै गम्भिर छन् । वैज्ञानिक दृष्टिकोण तथा जिम्मेवारिको भावना लिएर मात्र हाम्रो देशलाई मुक्तिको बाटोतिर लान सकिने छ । सत्य, तर वस्तुगत व्यवहारमाथि भरपर्छ । लाखौं करोडौं जनताको क्रान्तिकारी व्यवहार नै सत्यको एक मात्र कसी हो ।

हाम्रो दशकौं लामो क्रान्तिकारी संघर्षको अभिप्राय के हो भने, हामी कम्युनिस्टहरूको उद्देश्य चाहिं नेपाल राष्ट्रको निम्ति, नयाँ समाज र नयाँ राष्ट्रिय व्यवस्थाको निर्माण गर्नु हो । त्यस नयाँ राज्यव्यवस्थामा, नयाँ राजनीति र नयाँ अर्थ व्यवस्था मात्र होइन तर नयाँ संस्कृति पनि हुनेछ । अर्को शब्दमा, हामी राजनैतिक रूपले उत्पीडन र आर्थिक रूपले शोषित नेपाललाई राजनैतिक रूपले स्वतन्त्र र आर्थिक रूपले समृद्धिशाली नेपालमा फेर्न मात्र होइन र पुरानो संस्कृतिको प्रभुत्व अन्तर्गत अज्ञान र पिछडिएको अवस्थामा रहेको नेपाललाई पनि प्रबुद्ध र प्रगतिशिल नेपालमा फेर्न चाहन्छौं । छोटकरीमा, हामी नयाँ नेपालको निर्माण गर्न चाहन्छौँ । सांस्कृतिक क्षेत्रको हाम्रो उद्देश्य नयाँ नेपाली राष्ट्रिय संस्कृतिको निर्माण गर्नु हो ।

के जीतवाजीका लागि धेरै भन्दा धेरै जनतालाई संगठित गर्नुपर्छ भन्ने कुरा सत्य होइन ? सबै पेशा व्यवसायका जनता चाहे हिमाली कन्दराका होऊन या कुनै प्रान्तका, चाहे उत्तरको होऊन या दक्षिणका, सबलाई संगठित गर्नुपर्छ । धेरै या थोरै जनता संगठित गर्नु कुनचाहिं असल होला ? त्यसमा त धेरैभन्दा धेरै जनता संगठित गर्नु नै उत्तम छ नि । हामीले जीतबाजिका कुरा गर्दा सर्वहारावर्गको नेतृत्वमा ब्यापक जनसमूदायलाई एकगठ गर्ने कुरा सुनिश्चित गर्नैपर्छ । र साथैसाथ, विभिन्न चिरामा विभाजित सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू बीच एकता कायम् हुनु र गर्नु पनि उतिकै जसरी छ ।

कम्युनिष्टको जीवनशैली भित्रको अत्यन्तै महत्वपूर्ण विधि आलोचना र आत्मा-आलोचना हो भन्ने कुरो सच्चा क्रान्तिकारी कम्युनिस्टहरूले बुझ्नु जरुरी छ । आफुबाट भए गरेको कमिकम्जोरी वा गलत क्रियाकलापलाई लिएर कसैले गरेको स्वच्छ आलोचनाबाट तिरमिरेर क्रान्ति विरोधी, गैर कम्युनिस्ट आचरण अपनाउनु, सच्चा क्रान्तिकारी कम्युनिष्टको आचरणभित्र पर्दैन र होइन । फेरी त्यस्तो क्रान्ति विरोधी, गैर कम्युनिष्ट क्रियाकलाप सामू मौनधारण गरी बस्नु एक प्रकारको मतियार बन्नु हो । मतियार बन्नपुग्नु भनेको कुनै पनि मानेमा सच्चा क्रान्तिकारी कम्युनिस्टहरूको नियति होइन र हुन सक्दैन । यसरी मौन धारण गरी मतियार बन्नपुग्नु क्रान्तिकारी आचरण होइन र क्रान्तिकारी आचरण मान्न सकिन्न ।

हामी क्रान्तिकारी पार्टीका सच्चा क्रान्तिकारी कम्युनिस्टहरू बीच यदाकदा क्रान्तिकारी सैद्धान्तिक नीतिको मूल्य र मान्यता 'नेता होइन नीति प्रधान'को ठिक उल्टो 'नीति होइन नेता प्रधान'को विधि व्यवहारमा लागेको देख्नमा आउनु दुःखदायी मात्र होइन, क्रान्तिकारी अभियानलाई नै विथोल्ने र पथभ्रष्ट पार्ने दक्षिणपन्थि अवसरवादीहरूको यसखाले चलखेललाई, समय नबित्दै सुधार्नु जरुरी छ । यस्ता आवञ्छनिय चलखेल विस्तार विस्तार आफै सुध्रिन्छ र सुधार्न सकिन्छ भनेर यतिकै छुत दिइरहने हो भने, समय बित्दै जाँदा यस्ता प्रवृत्तिले विकराल रूप धारण नगर्ला भन्न सकिन्न । तसर्थ, यस्ता गलत प्रवित्तिलाई समयमै आवश्यक उपचार पद्धति अपनाई सच्चा क्रान्तिकारी कम्युनिष्ट हुनुको पहिचान सहित श्रमजीवी जनसमुदाय बीच घुलमेलभई क्रान्तिकारी हौसला बुलन्द पार्नु नितान्त जरुरी छ ।

रक्त (युद्ध) पिपासु अमेरिकी साम्राज्यवादको दुरासयपूर्ण नीति इण्डोप्यासिफिक सैन्य रणनीति अमेरिकी मिलेनियम च्यालेन्ज (एमसीसी) परियोजनाको खास मक्सद हो । हिंदमहाशागरमा आफ्नो सैनिक अखडा खडा गर्नु रहेको छ । र नेपालमा एमसीसी परियोजना पास गरेर स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न, भू-अखण्ड राष्ट्र नेपाल कब्जा गर्ने योजना सँगै नेपालको युरेनियम हसुर्नु र यहाँको हावापानी माथि गिद्धे दृष्टि गाउने रहिआएको छ । भने अर्कोतर्फ विश्वमा बढ्दै गइरहेको चिनको प्रभावलाई न्युनिकरण गरी, आफ्नो प्रभाव बढाउने हेतु नेपालको स्वाधिनतामाथि आफु अनुकुल रणक्षेत्र बनाई, चिनलाई छेतविछेत पार्ने दुरासयपूर्ण सोचका साथ इण्डोप्यासिफिक रणनीति अख्त्यार गर्न आउनु भनेको, खासमा भन्नुपर्दा आफ्नो रक्त (युद्ध) पिपासु रणनीतिलाई कार्यान्वयन गर्दै नेपाललाई मात्र होइन अपितु, विश्वलाई नै ध्वष्ट पार्न तेश्रो विश्वयुद्ध निम्त्याई विश्व-मानव जगतको रगतको भेलमा आनन्दित मनले चयन गर्ने दुरासयपूर्ण सोचलाई प्रश्रय दिन्दै, दुनियालाई विकासको निम्ति भनेर एमसीसी परियोजना भित्रको ५० करोड डलर विदेशी पूँजीका दलालहरूलाई प्रलोभन देखाई चैनको स्वास फेर्दै आनन्दित मनले दुनिया सामु 'नाङ्गा नाचे हजार दाउलाई चरितार्थ गर्दै आइरहेका छन् ।'

मानव सभ्यताको इतिहसमा सभ्यताको सुरुवात ज्ञानको विकासबाट नै भएको थियो । मानव चेतनशील प्राणि हो । चेतनाले मानिसलाई चिन्तनको बाटोतिर दोऱ्याए, यसरी मानिसमा प्रकृतिको बारे जिज्ञासा उठ्नथाले र त्यसको हल गर्ने प्रक्रिया स्वरूप चिन्तनको विकास भयो । यसै चिन्तनको माध्येमबाट ज्ञान प्राप्त भयो । अनि त्यसै ज्ञानलाई प्रयोग गरी सीप र प्रविधि विकास गर्दै समय सापेक्ष ढङ्गले आवश्यक औजार निर्माण गरी मानव समाजको आवश्यक्ता अनुरूप उपभोग्य वस्तुहरूको उत्पादन गर्दै मानव सभ्यतालाई विकशित तुल्याउँदै आएका हुन् । यसैले मानव मात्रलाई यस दुनियामा प्राणिहरू मध्ये सर्वश्रेष्ठ प्राणि कहलिए ।

मानिसहरूको तुलनामा जनावर र किरा-फत्याङ्गाहरूमा एकप्रकारको चेतना त छ तर उनीहरूमा चिन्तन गर्ने क्षमता छैन । तवत उनीहरू आफुलाई आवश्यक अनुरूप कुनै वस्तु निर्माण गर्न सक्दैन । प्रकृतिमा जे छ त्यसैबाट आफ्नो जीवन निर्वाह गर्ने गर्छन । यहि त हो मानिस र जनावरहरू बिचको भिन्नता ।

हामी, प्राणिहरू मध्ये सर्वश्रेष्ठ कहलिएका मानिसहरू, आजको यो २१ औं सताब्दिका जल्दो बल्दो मानिस हौं भन्न पछि नपर्ने तर, चिन्तनबाट बिलकूल बिमुख भई, दुराचार्यहरूबाट फिजाएको छलकपटमै रुमलिएर रनमुल्लमा परी बस्नु के स्वभाएमान हुन सक्छ ? कदापि हुन सक्दैन । किनकी हामी चेतनशिल मात्र हैनौं चिन्तनशिल पनि हौं देशमा भए गरेको भनिएका कतिपय विषय वस्तुहरूलाई, यहाँका शक्तिका पुजारी इतिहासकार र बुद्धिजिवि भनिएका कतिपय व्यक्ति विशेषहरूले दुनियालाई पंगु बनाउन शक्ति केन्द्रको जयजयकारलाई नै देशको इतिहास भनि कोर्ने र त्यसलाई सहि साबित गर्न बुद्धिमता छाँत्न हुरुक्क हुनेहरूको कमि छैनन् ।

यसै सन्दर्भमा, यहाँ अत्यन्तै महत्वकासाथ इतिहासभित्र कोत्याउन उपयुक्त कुरा के हुन भने, नेपालमा अति महत्वकांक्षी पूर्व राजा पृथ्वीनारायण शाहले बल भिचाईं क्रियाकलाप अर्थात राष्ट्र र राष्ट्रियतालाई अलग-अलग पारी भौगोलिक अतिक्रमण गरेका थिए । र, त्यहि कार्यलाई, पृथ्वीनारायण शाहले नेपाल राष्ट्रिय एकिकरण गरेको भनी बढाई चढाई गरी आएका ती शक्तिका पुजारी इतिहासकारहरूद्वारा व्यक्ति विशेषको गुनगाण युक्त इतिहासलाई, अत्यन्तै सजिव ढङ्गले ऐतिहासिक प्रमाण सहित डा. तुल्सिनारायण श्रेष्ठद्वारा लिखित 'नेपालका नेवारहरू पहिचान र पृष्ठभूमि' नामक पुस्तकको पृष्ठ ९ मा, यसरी उल्लेख गर्नु भएको छ 'वास्तवमा तत्कालिन गोरखा राज्यको विस्तारिकरण पश्चात विस्तारित राज्यको नाम- 'गोरखा' राख्न गरिएको पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूको प्रयास असफल भएको कुरा इतिहासबाट नै पुष्टि हुन आउँछ । 'नेपाल सधैं नेपाल नै रहिरह्यो ।' यस्तो प्रयासकै सन्दर्भमा 'गोरखा राज्य' गोरखालि राजा जस्ता शब्दहरू आधिकारिक दस्तावेजहरूमा प्रयोग गरेको बुझिन्छ । उदाहरणको लागि हेर्नुहोस्, नेपाल सरकार, मुलुकी सवाल, काठमाडौं, १९९३, योगी नरहरिनाथ र नरेन्द्रमान सिं बस्नेत (संकलक) इतिहास प्रकासमा संधिपत्र संग्रह काठमाडौं ।

यसैगरी यीनले 'गोरखा राज्य', विस्तार गर्ने क्रममा गरेका अनेकौं क्रियाकलापहरू मध्ये सरकारी मुखपत्र 'गोरखापत्र', नेपालको मान मर्दन हुने गरी बृटिस भारतसँग गरेको गोरखा भर्तिकेन्द्र जस्ता सन्धि सम्झौता र धार्मिक आस्थामा समेत गोरखाली प्रभूत्व जमाउन बिजया दशमीमा गोरखाबाट फुलपाटी ल्याउने प्रथा बसाल्नु, सामाजिक जीवनमा पनि न्याय नपाए गोरखा जानु भन्ने जस्ता सोच लाद्ने प्रक्रियाले नेपाल एकिकरण होइन, गोरखा राज्य विस्तार अभियान नै हो भन्ने प्रस्त्याउँछ ।

हामी चेतनशील स्वाभिमानी नेपाली वीर विराङ्गनका सन्तति हौं । हामीमाथि कोही कसैले थिचो-मिचो, हस्तक्षेप र आक्रमण गर्ने दुःसाहस गरी आउँछ भने त्यसको विरुद्ध प्रतिरोध संघर्ष नगरी गुमसुम भई चुपचाप बस्ने हाम्रो पुर्खौली स्वभावैले दिन्दैन । हाल भारतीय विस्तारवादी वर्तमान मोदी भारतीय सरकारले बलमिचाई तरिका अपनाई, हाम्रो प्राणभन्दा प्यारो देशको स्वतन्त्र सार्वभौमसत्ता भू-अखण्ड नेपालको साँधसीमा कालापानी, लिम्पियाधुरा र लिपुलेक मिचेर खुल्लैयाम आफ्नो नक्साभित्र पारी डाडागिरीमा उत्रन आउनुको विरुद्ध, देशका स्वाभिमानी सम्पूर्ण राजनैतिक दल एवम आम जनता एकसाथ एकजुतभई मैदानमा जुझारु ढङ्गले उत्रन थालेका छन् । स्वाभिमान नेपालका नेपालीहरू बिना आधार र बिना सबुत प्रमाण प्रतिरोध संघर्षमा उत्रेका छैनन् । हामीसँग लिम्पियाधुरा क्षेत्र हाम्रो सार्वभौम भू-अखण्ड भित्रको साँध सीमा हो भन्ने यथेष्ट ऐतिहासिक सबुत प्रमाणहरू छन् मात्र हैन लिम्पियाधुरा, लिपुलेक र कालापानी सीमा विवादका विषयमा १६ वर्ष अधि नै प्रवेश पाएको खुलासा नापी विभागका तत्कालिन महानिर्देशक तोयनाथ बराललेयो विषय आफुले राष्ट्रसंघको १७ औं कार्टोग्राफी सम्मेलन, एसिया प्यासिफिकमा राखेको जानकारी दिएका छन् । सम्मेलन सन् २००६ सेप्टेम्बरमा थाइल्याण्डको बैंककमा भएको थियो । त्यतिबेला नेपाल सरकारको प्रतिनिधित्व गरी आफुले उक्त कुरा सम्मेलनमा प्रस्तुत गरेको राष्ट्रसंघमा यसको रेकर्ड छ ।

वर्तमानमा यो मुलुकको साँध सीमा विवाद चुलिएको स्थितिमा, त्यो सुगोली सन्धि भन्ने विषय वस्तु खास के हो ? शक्तिका पुजारी एवम् भजन-मण्डलीहरूले पारेको रणभुल्ल भित्रको सुगौली सन्धि हो वा योगी नरहरिनाथले खुलासा गरे अनुरूपको झुठ फरेवी भित्रको सुगौली सन्धि हो ? योगी नरहरिनाथ नेपालको भूगोलको बारेमा एक जानकार व्यक्ति हुनुहुन्थयो । नेपालको सीमा अतिक्रमणका बारेमा, जङ्गे स्तम्भ, सीमा रेखा दशजगा बारेमा जानकारी भएका व्यक्तित्व हुनुहुन्थ्यो । साथै इतिहासलाई हेर्ने र विश्लेषण गर्ने वहाँको आफ्नै शैली थियो । सीमा क्षेत्रको प्रत्यक्ष स्थलगत र पैदलै पुगेर अध्ययन गर्ने व्यक्तित्व सायद वहाँ नै हुनुहुन्छ । वहाँले पृथ्वीनारायण शाह देखि यता नेपालले अंग्रेज सरकारसँग तिब्बतसँग चीनसँग र बाइसे चौबिसे राज्यहरूले गरेका सन्धिहरूको संग्रह-सन्धिपत्र संग्रह संकलन गरी इतिहासको महत्वपूर्ण अभिलेख संकलन गरी इतिहासको महत्वपूर्ण अभिलेखलाई, निरिह सत्तासिनहरूको पृष्ठभूमिमा टेकेर जम्मु काश्मिर खाएर त केही भएन भन्ने सोचका साथ, नेपालको कालापानी, लिम्पियाधुरा लिपुलेकलाई निल्ने दुसाहस गर्नु भारतीय विस्तारवादको निम्ति अत्यन्तै महङ्गीमा परिणत हुने निश्चित छ ।

नेपालका जिउँदो जाग्दो स्वाभिमानी नेपाली जनसमुदाय आफ्नो प्राण भन्दा प्यारो देश नेपालको राष्ट्रिय स्वाधिनताको निम्ति मरिमेट्न तयार छ भन्ने संकेटको रूपमा अमेरिकी साम्राज्यवादले नेपालमा लाद्न खोजेको एमसीसी परियोजना विरुद्ध उर्लिएको जनसागर (जनउभार) त देखि नै रहेका छौं । पैसा र सत्ताको लागि मरिहत्य गर्ने संसदवादी नेतृत्वपङ्क्ती, ओली, देउवा, प्रचण्ड र बाबुराम भट्टराईहरू जस्ताको मिलेमतोमा एमसीसी परियोजनालाई संसदबाट अनुमोदन गर्न गराउन कुनै कसर बाँकी नराख्ने कसम खाएर लागिपर्दै आइरहेका छन् । तर, देशभक्त स्वाभिमानी नेपाली जनसमुदायले, यस्ता राष्ट्रघाती देशद्रोहीहरू सबका सबलाई छानी छानी नृशंस तरिका अपनाई देश निकाला गरी पठाउन कुनै संकोच मान्ने छैनन् भन्ने कुरा नेपालको जिउँदो जाग्दो इतिहासले प्रस्त्याइरहेकै छ । अर्थात स्वतन्त्र सार्वभौम-सत्ता सम्पन्न राष्ट्र नेपाल आजसम्म कोही कसैको गुलामीमा परेको इतिहास छैन । र अहिले पनि कोही कसैको मजाल चल्ने छैन भन्ने कुरोको यथार्थता, देशब्यापी चर्कीरहेको अमेरिकी साम्राज्यवादकोदुरासयपूर्णनीतिभित्रको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) परियोजनाको विरुद्ध उर्लिरहेको देशभक्त स्वाभिमानी नेपाली जनसमुदायको जनसागरले प्रस्त्याइ रहेकै छ ।

२०७८/६/४

ताहाचल, काठमाडौं

# मार्क्सवाद जन्मका लागि सामाजिक–आर्थिक अवस्थाहरु


● हुकुम बहादुर सिंह ●

***जब मजदुर संगठनहरूले विकास गर्दै गए, बेलायतका मजदुरहरूले मजदुरहरूका लागि मतदानको अधिकारको माग गर्दै १८३७मा चार्टिष्ट आन्दोलन सुरू गरे । यो नै पहिलो व्यापक, साँचो अर्थमा मास र राजनीतिक रूपले संगठित गरिएको सर्वहारा क्रान्तिकारी आन्दोलन थियो***

मार्क्सवादले हामीलाई सिकाएको छ कि कुनै पनि विचार अथवा सिद्धान्त सधै भरी कुनै न कुनै भौतिक परिस्थितिको उपज हुन्छ। जुनवेला नयाँ भौतिक परिस्थिति उत्पन्न हुन्छ, नयाँ विचारहरू अथवा सिद्धान्तहरू पनि उत्पत्ति हुनु अनिवार्य हुन्छ। यहि सत्यता मार्क्सवाद आफैमा पनि लागु हुन्छ। यसरी मार्क्सवादलाई अझ राम्रोगरी बुझ्नका लागि हामीले भौतिक परिस्थितिको ज्ञान लिन कोशिस गर्नु पर्दछ, त्यो भनेको सामाजिक-आर्थिक अवस्थाहरू, जसभित्र पसेर मार्क्स र एङ्गेल्सले पहिलो पटक मार्क्सवादलाई जन्म दिएका थिए ।

सामाजिक–आर्थिक अवस्थाहरूमा आएको क्रान्तिकारी परिवर्तनसँगै मार्क्सवाद आजभन्दा १८० वर्ष अघिदेखि विकसित बन्दै आएको पाइन्छ। खासगरी सन १८४०तीर पहिलो पटक युरोपमा यसको आधार स्थापना बन्दै गयो, जुन बेला सम्पूर्ण विश्व आर्थिक रूपले, राजनीतिक र सैनिक रूपले त्यसद्धारा शासित थियो। त्यसवेला विश्व प्रभुत्व यस्तो थियो कि प्राचीन सभ्यताको विकास भएका करीब करीब सबै देशहरू जस्तै भारत, चीन र प्रशिया यसबाट अधिन भएका थिए ।

मार्क्स र एङ्गेल्सले जब मार्क्सवादको विचारलाई विकास गरीरहेका थिए, युरोपका सबैभन्दा ज्यादा आर्थिक रूपले विकसित यीनै भागहरूमा उनीहरू जन्मेका र रहदै आएका थिए। तिनीहरूले प्रत्यक्ष अबलोकन गरे, त्यसमा भागलिए र त्यो समयका सबै प्रमुख घटनाहरूद्धारा उनीहरू प्रभावित हुँदै गएका थिए। यसप्रकार कसरी मार्क्सवाद जन्मिएको थियो भन्ने बुझ्नका लागि हामीले सर्वप्रथम त्यसवेलाको युरोपलाई हेर्नु पर्दछ र त्यसवेलाको सामाजिक आर्थिक अवस्थाभित्र प्रधान तत्व देख्नुपर्दछ ।

१. सबभन्दा महत्वपूर्ण तत्व औधोगिक क्रान्ति थियो, जो १७६० देखि सुरूभएर १८३० मा अन्त्य भयो, र, यद्धपि यो इङलैण्डमा केन्द्रीत थियो,सम्पूर्ण विश्वलाई प्रभावित पारेको थियो। औधोगिक क्रान्तिलाई त्यही रूपमा नामाकरण गरियो किनभने यो यिनै १७ वर्षभरी चलेको थियो, जसलाई विश्वले पहिलो पटक औधोगिक विकासमा एउटा यस्तो विष्फोटक र क्रान्तिकारी विद्रोह देख्यो। यो यस्तो समय थियो कि आधुनिक विशाल कारखानाहरू पहिलो पटक स्थापित गरिएका थिए र एक दमै द्रुत गतिमा बढिरहेका थिए, विशेषगरी इङ्गलैण्डमा ।

यसको साथै विश्व बजारको फैलावट मानिसले गरेको अनुमानभन्दा बाहिर थियो, जसलाई विश्वका सबै भागहरूमा पठाइएका थिए। यद्धपि अन्य देशहरू जस्तै फ्रान्स, हलैण्ड र जर्मनका विभिन्न भागहरू र अमेरिकामा समेत ठूलाठूला कारखानाहरू स्थापना गरिएका थिए, यो समय इङ्गलैण्डद्धारा विश्व अत्यधिक अधिनमा थियो। यसको अधिन यस्तो थियो कि जसलाई 'विश्वको कारखाना(वोर्कशप)' भन्न थालियो, जसले सबै देशहरूमा तैयारि सामानहरू पठाउदथ्यो ।

औधोगिक क्रान्तिले पुँजीपति वर्गमा रूपान्तरण गऱ्यो। यो वर्ग सुरूमा आर्थिक रूपले त्यति बलियो थिएन् र एउटा मध्यम वर्ग(जसलाई वुर्जुवाजी-दयगचनभयष्कष्भ भनिन्थ्यो किनभने फ्रेन्चमा यसको अर्थ मध्यमवर्ग हुन्थ्यो) थियो। तर, औधोगिक क्रान्तिसंगै, यो मध्यमवर्ग एउटा औधोगिक अरबपति वर्गमा रूपान्तरित भयो, जसलाई आधुनिक औधोगिक पुँजीपति (वुर्जुवाजी) भनिन्छ। यो नयाँ वर्गको अघोषित धनीहरूले सामन्त वर्गहरू जो त्यसवेला र अहिले पनि शासकवर्ग थिए,छन् उनीहरूलाई ज्यादा शक्तिशाली चुनौती दिए ।

२. आधुनिक औधोगिक पुँजीपति (वुर्जुवाजी)को साथै औधोगिक क्रान्तिले अर्को वर्गलाई पनि जन्म दियो,जसलाई आधुनिक औधोगिक श्रमजीवी वर्ग, अथवा सर्वहारा भनिन्छ। कारखानामा एकसाथ काम गर्ने हजारौ मजदुरहरूद्धारा निर्मित यो वर्ग स-साना कारखानामा साना साना समूहमा काम गर्ने पहिलाका मजदुरहरूभन्दा एकदमै भिन्नै थियो। आधुनिक सर्वहाराहरूले उनीहरूको श्रम शक्ति सिवाय अरू केही पनि राखेका थिएनन् र श्रमिकहरू र कडा मिहेनत गर्नेहरूको अघिल्ला पुस्ताहरूलाई थाहै नभएका क्षेमता र आत्मविश्वास उनीहरूसँग थियो। यो शक्ति आधुनिक उधोगसँगको सम्पर्क, कारखाना प्रणाली बाट सिकेको अनुशासन र एउटै छानामूनी एउटै कारखानामा सँगै जम्मा भएका ठूलो संख्याको उपस्थितिका कारण पैदा भएको शक्ति थियो। समाजमा उनीहरूको अवस्थितिले इतिहासमा उनीहरूलाई सम्भावीत अति क्रान्तिकारी शक्तिका रूपमा स्थापित गऱ्यो ।

३. अर्को महत्वपूर्ण तत्व थियो जसले त्यस समयमा युरोपमा राजनीतिक स्थितिमाथि हैकम चलाएको थियो। यो उदाउदो पुँजीपति वर्गद्धारा नेतृत्व गरिएको पुँजीवादी लोकतान्त्रिक क्रान्तिहरूको बाढी थियो,जसको अति महत्वपूर्ण १७८९को फ्रेन्च क्रान्ति थियो। फ्रेन्च क्रान्तिले फ्रान्समा क्रान्तिकारी आमूल परिवर्तनमात्रै ल्याउने काम गरेन्। यसले नेपोलियन युगको युद्धको नेतृत्व पनि गऱ्यो, जहाँ फ्रेन्च पुँजीपतिको सेनाले युरोपको सबैजसो भागमाथि विजय प्राप्त गऱ्यो र जहाँ जहाँ उनीहरू गए त्यहाँ सामन्तवादलाई निर्मूल पार्दै पुँजीवादी सुधारहरू लागु गर्दै गए। तिनीहरूले यसरी राजाहरूलाई र पुराना सामन्त वर्गहरूलाई मृत्युघण्टा बजाए। यद्धपि फ्रेन्च सेनालाई पछि हराइयो, पुरानो शासकवर्गले कहिल्यै पनि उसको आफ्नो अवस्थिति पुनः प्राप्त गर्न सकेन् ।

आधुनिक पुँजीपतिले उसको क्रान्तिकारी ज्वारभाटालाई अनगिन्ति अन्य पुँजीवादी क्रान्तिहरूलाई निरन्तरता दिदै रहयो, जसको परिणाम सामन्त वर्गहरूको निर्णायक हारमा र पुँजीवादको विश्व प्रणाली, व्यवस्थाका रूपमा विजय थियो। यसरी आर्थिक र राजनीतिक दुवै स्तरमा मार्क्सवादको जन्मको समय पुँजीपति वर्गहरूका लागि ठूलठूला उपलब्धीहरू र विजयको समय थियो जव उसले विश्वका अति विकसित र प्रभावशाली देशहरूमा आफ्नो शासनलाई एकछत्र स्थापित गरेको थियो ।

४.यद्धपि यो पुँजीवादको सबैभन्दा ठूलो उपलब्धीको अवधि थियो,प्रधान कारकतत्व जसले त्यो अवधिभर मार्क्सवादको जन्म दियो। त्यो मजदुर वर्गको सचेतनाको र सर्वहारा सगठनहरू र आन्दोलनहरूको उठान थियो। यसरी सर्वहाराको एउटा स्वतन्त्र र स्वः सचेत शक्तिको रूपमा उठानको सन्देश थियो। यो वर्ग-सचेत सर्वहाराको उठान पहिलो पटक इंगलैण्ड र फ्रान्समा भयो। यो मूलतः यी दुईवटा देशहरूमा सुरूमै फैलिएको आधुनिक उद्योगको कारणले भयो। आधुनिक उद्योगको फैलावट, यद्धपि यसले पुँजीपतिका लागि विशाल सम्पत्ति ल्याइदियो, त्यही समयमा मजदुर वर्गका निम्ति ज्यादै अमानवीय काम र वसाई(जीवीकोपार्जन) दियो ।

यो मजदुर शक्ति करिब करिब श्रमशक्तिको तीन चौथाई महिला र बालकको संरचनामा थियो किनभने तिनीहरूले पुँजीपतिहरूका लागि सस्तो र ज्यादै सजीलोगरी नियन्त्रण गर्न सकिने मजदुरहरू उपलब्ध गराउथे। कपडा मिलहरूमा १४देखि १६ घण्टासम्म काम गर्न ६ वर्षभन्दा माथिका केटाकेटीहरूलाई वाध्य गराइन्थ्यो। जब पुँजीपतिहरूले अत्यधिक ठूलोमात्रामा धन सोहोर्ने काम गर्दथे भने मजदुरहरू अत्यधिक दुखमा डूब्दै जान्थे। जब कपडा मिलका मालिकहरूले उनीहरूको पुँजीलाई दुइ गुणा धेरै बढाउथे, उनीहरूका बुनकरहरूलाई तिनीहरूले पहिला प्राप्त गर्नेको आठमा एकभाग मात्रै पाउदथे। यसरी सर्वहाराको अवस्था यस्तो थियो कि विद्रोह केवल सम्भावना मात्रै थिएन् तर पूर्णत अनिवार्य थियो। यस्तो पहिलो विष्फोट स्वस्फूर्त भयो, कुनै स्पष्ट दिशा विना ।

एउटा उदाहरण इगलैण्डमा १८१०-११मा भएको मेशिन-तोड आन्दोलन थियो, जहाँ बुनकरहरूका समूहहरूले गरेका कपडा मिलमाथिका आक्रमण र तिनलाई आफ्ना हातमा परेजति सबैलाई ध्वस्तपार्न सक्ने जति पारेका थिए। यो उनीहरूको आधुनिक उद्योगका विरूद्धको विरोध थियो, जसले उनीहरूको अतिआवश्यक जीवीकोपार्जनलाई ध्वस्थ पार्दै थियो। यस्तो विरोधहरू जसको कुनै दिशा थिएन् र दर्दनाक तरिकाले दमन गरियो , छिटै मारियो। यसको उपलब्धी के भयो भने लेवर आन्दोलन र लेवर संगठनहरूको विस्तार र विकास थियो जसले सर्वहारा लडाईलाई त्यसको उत्तर र दिशा दियो ।

पहिलेका युनियनहरू, जसलाई दक्ष मजदुरहरूका लागि वन्देज गरिएको थियो, १८१८देखि सबै कामदार मानिसहरूलाई एकतावद्ध गर्न सुरू गरे, जसलाई उनीहरूले 'जनरल ट्रेडस'युनियनहरू भन्न थाले। जव यी युनियनहरूले इंगलैण्डमा विकास गर्न थाले, त्यसले राष्ट्रिय स्तरको युनियनका लागि आन्दोलन सुरू गरियो। यो जुन वेलामा गठन गरियो, त्यसवेला ३४बाट सुरू भएर यसको सदस्य संख्या ५लाख पुग्यो। युनियनहरूको साथसाथै, कामदारहरूले पनि आफूहरूलाई सहकारीहरू र पारस्परिक फाइदालिने समाजका रूपमा संगठित गर्न सुरू गरे। अन्य देशहरूमा जहाँ युनियनहरू पूर्णत प्रतिवन्धीत थिए, कामदार वर्गका संगठनहरूका प्रमुख रूपहरू यी र यस्तै संगठन थिए, जसले संख्या र शक्ति पनि विकास गरे ।

जब मजदुर संगठनहरूले विकास गर्दै गए, बेलायतका मजदुरहरूले मजदुरहरूका लागि मतदानको अधिकारको माग गर्दै १८३७मा चार्टिष्ट आन्दोलन सुरू गरे। यो नै पहिलो व्यापक, साँचो अर्थमा मास र राजनीतिक रूपले संगठित गरिएको सर्वहारा क्रान्तिकारी आन्दोलन थियो। यसले संसदलाई मास पिटिसनको तरिका प्रयोग गऱ्यो, जो करिब करिब आजभोली गरिने हस्ताक्षर अभियानजस्तै थियो। यी पिटिसन्सले ५लाख सम्म हस्ताक्षेर जम्मा गरे। केही चार्टिष्ट प्रदर्शनहरूमा त ३लाख पचास हजार सम्म सहभागी थिए, जसले मजदुर वर्गको संगठित शक्तिलाई प्रदर्शन गर्दथ्यो ।

जे भएता पनि जव आन्दोलनले यसको क्षेमता र दृढतामा गति लिन थाल्यो र बढदै गयो, यसले दर्दनाक दमनको सामना गऱ्यो र १८५०तिर यसलाई दमन गरियो। १८४०को सुरूवातमा जव एङ्गेल्स इंगलैण्डको म्यानचेष्टरमा बसिरहेका थिए, उनी क्रान्तिकारी चार्टिष्ट नेताहरूको साथै यसको साप्ताहिक द नर्दन स्टार र चाटिष्ट आन्दोलनद्धारा प्रभावित थिए। मजदुर आन्दोलनको बढदो लडाकुपनले पनि यस बखतमा पहिलो मजदुर विद्रोहको नेतृत्व गऱ्यो जसलाई निर्शम्स तरिकाले दवाइएको थियो। यी उदाहरणहरूमा १८१६मा भएको लण्डन विद्रोहहरू थिए र १८१९मा मेनचेष्टर, फ्रान्सको लियोनस, १८३१ र १८३४मा भएका रेशम मजदुरहरूको विद्रोहहरू, र प्रूसियन त्यस वेलाको जर्मनी र हालको पोलैण्डमा १८४४मा भएको हेण्डलुम लिनेन बुनकरहरूको विद्रोह। पछिल्लो नामको सङ्घर्षले जर्मन लगायत युवा मार्क्समा पनि बलियो प्रभाव पारेको थियो ।

यसरी १८४० तीर, धेरै औधोगिक देशहरूमा सर्वहारा आन्दोलन शक्ति र फैलावटको हिसावले द्रुत गतिमा बडिरहेको थियो। यद्धपि, यो अझै धेरै कमजोर र पुरानो सामन्ती शासकवर्गहरू अथवा प्रबल ठुला पुँजीपतिलाई खतरा दिन सक्ने अवस्थामा थिएनन्। तै पनि एउटा स्वतन्त्र शक्तिको रूपमा सर्वहाराको उदय विश्व ऐतिहासिक महत्वको एउटा घटना थियो। सर्वहाराको भौतिक अस्तित्वको आगमनको अर्थ त्यही समयमा यो नयाँ क्रान्तिकारी वर्गको प्रतिनिधित्व गर्ने विचारको जन्म थियो। घेरै विचारहरू र सिद्धान्तहरू कामदार वर्गका चाहनाहरूको प्रतिनिधित्व गरेको दावी गर्नेहरू यसरी अस्तित्वमा आएका थिए ।

मार्क्सवाद, जव १८४०को दशकमा यसको पहिलोपटक सुत्रवद्ध गरिएकाहरूमध्ये एउटा थियो। यद्धपि, घेरै सिद्धान्तहरू उही आर्थिक अवस्थाहरूबाट उदय भएका थिए, मार्क्सवादले एक्लै यी अवस्थाहरू सही तरिकाले बुझ्न र तिनीहरूलाई बदल्न पनि औजारहरू प्रदान गऱ्यो। त्यसकारण त्यसपछिका आउने वर्षहरूमा मार्क्सवाद नै एक्लो शक्ति बन्यो जसले आफूलाई अहिलेसम्म पनि साँचो सर्वहारा विचार भएको एउटा वाद र दर्शनको रूपमा प्रमाणित गर्न सकिरेहेको छ ।

*hukumsingh2012@yahoo.com*

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७८को अवसर मा सम्पूर्ण नगरवासी तथा परिवारहरुमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

रत्ननगर नगरपालिका परिवार
रत्ननगर चितवन
फोन नं. ०५६५६०५२९

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

धर्मदत्त तिवारी — क्याम्पस प्रमुख — मो.नं. ९८५५०६२०४७
रामबाबु घिमिरे — अध्यक्ष

शहीद स्मृति बहुमुखी क्याम्पस
रत्ननगर चितवन,
फोन नं. ०५६–५६०१४७

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण ग्राहकवर्ग तथा शुभेच्छुकहरुमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

प्रो. राधाकृष्ण खनाल
मो.नं. ९८५५०६२२०३

शिखर हार्डवयर एण्ड स्यानेटरी सप्लायर्स
रत्ननगर टाँडी चितवन र
रत्ननगर सुव्वाचोक चितवन
फोन नं. ०५६५६३२९०

# ने.क.पा.(क्रान्तिकारी माओवादी) वार्ड कमिटी भैरबी ६ दैलेखद्वारा एमसीसी सम्झौताको बिरोधमा कार्यक्रम








दैलेख ।ने.क.पा.(क्रान्तिकारी माओवादी) वार्ड कमिटी भैरबी ६ दैलेखद्वारा एमसीसी सम्झौताको बिरोधमा कार्यक्रम सम्पन्न गरिएको छ ।

उक्त कार्यक्रमको प्रमुख अथिती पार्टी सिसिएम कृष्ण गुरुङले आफ्नो मन्तव्यमा एमसीसी सम्झौता सरकारको संस्थागत देशद्रोह भएको र नेपाली जनताका विरुघ साम्राज्यवादको यो एउटा अघोषित युद्धको घोषणा पनि हो भन्नू भएको थियो ।

सो कार्यक्रम संचालन पर्टी डि.सि.एम. प्रेमले गर्नु भएको थियो भने अन्य अतिथिबाट सम्बोधन पुर्ण.पन्तले गर्नु भएको थियो। वार्ड इन्चार्ज तेज गुरुङको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको थियो ।

# जनसांस्कृतिक महासंघ र पत्रकार महासंघद्वारा श्रद्धाञ्जली–समवेदना व्यक्त



काठमाडौं । अखिल नेपाल जनसांस्कृतिक महासंघ र क्रान्तिकारी पत्रकार महासंघद्वारा जनसांस्कृतिक महासंघका महासचिव तथा क्रान्तिकारी पत्रकार महासंघका सल्लाहकार संयोजक हिरामणि दुःखीकी ममतामयी आमा लक्ष्मिादेवी पौडेलको निधनमा हार्दिक श्रद्धाञ्जली व्यक्त गरिएको छ ।

जनसांस्कृतिक महासंघका उपाध्यक्ष प्रा.डा. जगदीश चन्द्र भण्डारी र पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले छुट्टाछुट्टै शोक वक्तव्य जारी गर्दै लक्ष्मिादेवी पौडेलको निधनप्रति गहिरो दुःख व्यक्त गरिएको छ। शोक वक्तव्यमा मृतक पौडेलप्रति श्रद्धाञ्जली व्यक्त गर्दै कमरेड हिरामणि दुःखी लगायत शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरिएको छ ।

इच्छुक साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष तथा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य समेत रहनु भएका हिरामणि दुःखीकी आमा पौडेलको ८१ बर्षको उमेरमा आज दिउसो १ बजे दाङको घोराहीस्थित आफ्नै निवासमा निधन हुन पुगेको थियो ।उहाँको आजै पातुखोला घाटमा अन्तिम दाहसंस्कारसहित अन्त्यष्टी गरिएको छ ।

त्यसैगरी नेकपा (क्रान्तिकारी माओवादी) पार्टी सदस्य तथा पार्टीका केन्द्रीय समितिका सदस्य क. हीरामणि दुःखीकी आमा लक्ष्मीदेवी पौडेलको ८१ वर्षको उमेरमा निधन भउको छ। उहाँको निधनप्रति भावपूर्ण ऋ अर्पण गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव किरणव्दारा निम्न श्रद्धाञ्जली वक्तव्य प्रकाशित गरिएको छ ः

श्रद्धाञ्जली वक्तव्यको पूर्णपाठ ः-

'आज २०७८ असोज ५ गते दाङ्ग तुल्सिपुर निवासी लक्ष्मीदेवी पौडेलको ८१ वर्षको उमेरमा निधन भयो । उहाँले कम्युनिस्ट पार्टीको सदस्य र वर्गसचेत महिलाको हैसियतले पार्टीद्वारा सञ्चालित जनयुद्ध लगायत सङ्घर्षका विभिन्न कार्यक्रमहरूमा सक्रिय भूमिका निर्वाह गर्दै आउनु भएको थियो । उहाँ हाम्रो पार्टीका केन्द्रीय समितिका सदस्य क. हीरामणि दुःखीकी आमा हुनुहुन्थ्यो । उहाँको निधनबाट हामी अत्यन्त दुःखित भएका छौं । उहाँ दुई छोरा र तीन छोरीकी आमा हुनुहुन्थ्यो । उहाँका बुहारीहरू, जुवाइँहरू, नाती नातिनाहरू र पनाति पनातिनाहरू हुनुहुन्छ । हाम्रो पार्टी क. लक्ष्मीदेवी पौडेलप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । साथै, पार्टी क. हीरामणि दुःखी लगायत सम्पूर्ण शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।'

# क्रान्तिकारी माओवादीको बर्दघाट नपा–२ मा वडा भेला

❑ पुस्पा गिरी

नवलपरासी । नेकपा (क्रान्तिकारी माओवादी) पश्चिम नवलपरासीको डेढ महिने अभियान अंतरगत बर्दघाट -२ वडा समितिको भेलाले गोपाल गिरीको नेतृत्वमा ९ सदस्यीय वडा समिति चयन गरेको छ । वडाको पहाडी क्षेत्र सहित विभिन्न आठ वटा टोलमा गठन भएको पार्टीको प्रारम्भिक समितिहरूको प्रतिनिधिमुलक भेलाले वडा समिति चयन गरेको सो पार्टीका नवनिर्वाचित वडा समिति सदस्य समेत रहनुभएका दलित अगुवा नर बहादुर बि.क.ले जानकारी दिनुभयो । क्रान्तिकारी माओवादीको वडा समिती सेक्रेटरीमा गोपाल गिरी ; नर बहादुर बि.क.;मोहन राना;तिल बहादुर पौडेल ; केशब भुजेल; सागर सुनारलगायत चयन हुनुभएको





बर्दघाट नगर सह-सेक्रेटरी आकाशले बताउनुभयो। त्यस्तै भेलाले केदारनाथ अधिकारीको नेतृत्वमा वडा सल्लाहकार समिति गठन गरेको छ । भेलामा क्रान्तिकारी माओवादी प्रदेश सचिवालय सदस्य तथा जिल्ला सेक्रेटरी छबिलाल खरेलले रास्ट्रियता जनजिबिका र जनतन्त्र खतरामा परेको औल्याउनुभयो । उहाँले गाउँघरमा दलाली भ्रष्टाचारी कमिशनखोरि वृद्धि भएको भन्दै त्यसको बिरुद्ध भन्डाफोर र कार्वाहीमा समेत उत्रने चेतावनी दिनुभयो । कार्यक्रममा पार्टीका प्रदेश सदस्य रवि पाण्डे ; जिल्ला सचिवालय सदस्य एवं नगर इन्चार्ज चुडामणी भण्डारीलगायतले एम.सि.सि विरुद्धको आन्दोलन बारे बोल्नुभएको थियो । भेलामा बामपंथी अगुवा केदारनाथ अधिकारी ; पार्टीका जिल्ला समिती सदस्य सुर्य सापकोटा लगायतको आतिथ्यता रहेको थियो । त्यस्तै भेलाले दुर्गा वनलाई क्रान्तिकारी युवा लिगको जिम्मेवारी दिएको छ । क्रान्तिकारी माओवादीले जिल्लामा राजनितिक बैचारिक; सम्पर्क ; संगठन र संघर्स ( रा. स. स. स.) अभियानलाई तीव्रता दिएको छ ।

# जनगणतान्त्रिक सम्पर्क मञ्चका सदस्य रमेश बुढाथोकीका पिताको निधन

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)सम्बद्ध जिल्ला जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रिय समिति सदस्य रमेश बुढाथोकीका पिता मान बहादुर बुढाथोकीको निधन भएको छ ।

ओखलढुंगा साविक फेदिगुठ गाविस हालको चम्पादेवि गाउँपालिका ५ का बुढाथोकी लामो समयदेखि बिरामी हुनुहुन्थ्यो । उहाँको उपचारको लागि काठमाण्डौ लैजाने क्रममा बाटोमै निधन भएको हो । क.बुढाथोकीको ६७ बर्षको उमेरमा आईतबार निधन भएको हो । उहाँको निधनमा सम्पर्क मञ्चव्दारा निम्न लिखित श्रद्धान्जली व्यक्त गरिएको छ ः



संसारका मजदुरहरु एक होऔं ! मार्क्सवाद–लेनिनवाद–माओवाद–जिन्दावाद !

जिल्ला जनगणतान्त्रिक सम्पर्क मञ्च
District People's Republican Contact Forum

प.सं.
च.नं.

मिति: २०७८/०६/०४

शोक वक्तव्य

हाम्रो महान तथा गौरवशालि पार्टी नेकपा (क्रान्तिकारी माओवादी) सम्वद्ध जिल्ला जनगणतान्त्रीक सम्पर्क मञ्चका केन्द्रिय समिति सदस्य क.रमेश बुढाथोकीका श्रदेय पिता मान बहादुर बुढाथोकीको २०७८/०६/०३ मा उपचारको लिग्ति काठमाडौं लैजाने प्रक्रियामा भएको असमायिक निधनले हाम्रो पार्टी एवं सम्पर्कमञ्च दुखित भएको छ । वि.स.२०११/०१/०५ साविक फेदिगुठ गाविस अन्तरगत चम्पादेवी–५ ओखलढुंगामा जन्मनु भएका उहाँ एक असल सामाजिक व्यक्तित्व हुनुहुन्थ्यो ।

वर्तमानमा एकातिर राज्य–संयन्त्र जनता–राष्ट्रको अनवरत शोषण–दोहन एवं अरबौंको भ्रष्टाचारमा लिप्त छ भने अर्को तर्फ दुर–दराजका जनता हस्पिटल र उपचार नपाएर कम आयुमा नै मर्नु परेको दुःखद सत्यको पीडाले पोलिरहेको छ।यो घटना पनि यही शिलशिला संग जोडिएको छ ।हामी यसप्रकारको स्थितिको अन्त्य चाहन्छौं ।

अन्त्यमा, क. रमेश एवं परिवार माथिको असिम शोकको यस घडीमा दिवंगत पिताजी प्रति हार्दिक श्रद्धा–सुमन अर्पण गर्दै शोकमग्न परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

विष्णु खड्का
संयोजक

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण ग्राहकवर्ग तथा शुभेच्छुकहरुमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

प्रो. विष्णु पौडेल
मो.नं. ९८५६०२८४०२

विकल्प कंक्रिट उद्योग
रत्ननगर ३ चितवन
फोन नं. ०५६५६०९७७

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण ग्राहकवर्ग तथा शुभेच्छुकहरुमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

प्रो. केदारनाथ अधिकारी
मो.नं. ९८५५०६१५२८

अधिकारी कन्सट्रक्शन एण्ड सिभिल इन्जीनियरिंग प्रा.लि.
रत्ननगर ४, चितवन


हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७८को अवसरमा सम्पूर्ण नगरवासी तथा परिवारहरुमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

लालमणि चौधरी
नगरप्रमुख
खैरहनी नगरपालिका परिवार
खैरहनी, चितवन

# अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा कमरेड गोन्जालोको योगदान

**पेरुका क्रान्तिकारी माओवादीहरू र आम पेरुभियाली मुक्तिकामी जनताले आफ्नो क्रान्तिकारी योध्दा , नेता त भर्पर्दो अविभावक गुमाएका छन् भने विश्वभरका क्रान्तिकारी माओवादी कम्युनिस्टहरूले एक सिध्दान्तनिष्ट गुरु , सिध्दान्तकार र असल अविभावक गुमाएका छन् । र यश सोकलाई शक्तिमा बदलेर उहाँका सपनाहरू पुरा गर्ने बचनबध्दता प्रकट गरिरहेका छ । र कमरेड गोन्जालो प्रति उच्च सम्मान गर्दै अलविदाको लाल सलामी टक्र्याइरहेका अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा कमरेड गोन्जालोले महत्वपूर्ण योगदान पुर्याउनु भएको छ**



● हस्तबहादुर केसी ●

'सबैले अवश्य मर्नुपर्छ , तर मर्नुको अर्थ फरक फरक हुन्छ । प्राचीन चिनिया साहित्यकार जुमा चेनले भनेका थिए , ' सबैमाथि मृत्यु आए तापनि यो ताई पहाडभन्दा गह्रौं अथवा प्वाँखभन्दा हलौं पनि हुन सक्छ ।' जनताको निम्ति मर्नु ताई पहाडभन्दा गह्रौं हुन्छ , तर फासिष्टहरूको निम्ति काम गर्नु र शोषक र थिचोमिचो गर्नेछहरूको निम्ति मर्नु प्वाँखभन्दा पनि हलौं हुन्छ ।'

- माओ त्सेतुङ , ' जनताको सेवा गर ' ( सेप्टेम्बर ८ , १९४४ ) ।

वास्तवमा दर्शनशास्त्रका प्राध्यापक डा. अबिमेल गुज्म्यान रेनोसो अर्थात् पेरु कम्युनिस्ट पार्टी साइनिङ पाथ ( सेनडेरो लुमिनोसो ) का अध्यक्ष कमरेड गोञ्जालो कमरेड माओकै शब्दमा साँच्चिकै ताई पहाड ( विश्व कै सबैभन्दा उच्च शिखर सगरमाथा ) भन्दा पनि गह्रौं मृत्युवरण गर्नु भएको छ। किनभने कमरेड गोञ्जालो महान् पेरुको सशस्त्र जनयुद्धको नेतृत्व गरिरहे कै अवस्थामा, जब पेरुभियाली जनयुद्ध प्रत्याक्रमणको अवस्थामा पुगेर केन्द्रीय सत्ता कब्जा गर्नको निम्ति तयारी योजना बनाइरहेको अवस्थामा राजधानी लिमाबाट सन १९९२ सेप्टेम्बर १२ का दिन अमेरिकी साम्राज्यवादको तत्कालीन

कठपुतली फुजिमोरी प्रतिक्रियावादी सरकारले आफू एक्लैले नसकेर अमेरिकी साम्राज्यवादको सहयोगमा , अमेरिकी सेनाको सहयोगमा गिरफ्तार गरेर सैनिक जेलमा

नजरबन्द गरेको थियो र उहाँलाई आजीवन कारावासको फैसला सुनाएको थियो ।

त्यसयता २९ वर्षसम्म अमेरिकी पिठ्यूँ पेरुको प्रतिक्रियावादी सरकारले पेरुको नौसेना आधार इलाकामा रहेको कालाओ सैनिक जेलको पिंजडाघरमा कैदी नम्बर १५०९ को बन्दी बनाएर राख्दै आएको थियो। उहाँ लामो समयदेखि छालाको क्यान्सर रोगले पीडित हुनुहुन्थ्यो, तर प्रतिक्रियावादी पेरु सरकारले उहाँको उचित उपचार गर्ने मौका नदिएर धेरै वर्षदेखि उहाँको जीवन असुरक्षित बन्न पुगेको थियो। त्यस प्रकारको अवस्थामा पुगे पछि विश्वभरका क्रान्तिकारी माओवादी कम्युनिस्ट पार्टीहरू र मानवअधिकारवादी संघसंस्था र व्यक्तिहरूले कमरेड गोञ्जालोको जीवनरक्षाका लागि विश्व्व्यापी रूपमा आवाज उठाउँदै आएका थिए ।

तर गिरफ्तार भएको २९ वर्ष पुग्न १ दिन मात्र बाँकी रहे कै बेला यही सन २०२१ सेप्टेम्बर ११ दिन कमरेड गोञ्जालोको अमेरिकी पिठ्यूँ पेरु सरकारको एक सैनिक

अस्पतालमा उपचार कै क्रममा ८६ वर्षको उमेरमा दुखत निधन भएको ।

कमरेड गोञ्जालोको निधनले विश्वभरका क्रान्तिकारी माओवादी कम्युनिस्टहरू र आम मुक्तिकामी जनसमुदायलाई स्तब्ध र दुखित तुल्याउनुका साथै अपूरणीय क्षति पुर्याएको छ। पेरुका क्रान्तिकारी माओवादीहरू र आम पेरुभियाली मुक्तिकामी जनताले आफ्नो क्रान्तिकारी योध्दा , नेता त भर्पर्दो अविभावक गुमाएका छन् भने विश्वभरका क्रान्तिकारी माओवादी कम्युनिस्टहरूले एक सिध्दान्तनिष्ट गुरु , सिध्दान्तकार र असल अविभावक गुमाएका छन्। र यश सोकलाई शक्तिमा बदलेर उहाँका सपनाहरू पुरा गर्ने बचनबध्दता प्रकट गरिरहेका छ। र कमरेड गोञ्जालो प्रति उच्च सम्मान गर्दै अलविदाको लाल सलामी टक्र्याइरहेका अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा कमरेड गोञ्जालोले महत्वपूर्ण योगदान पुर्याउनु भएको छ। उहाँकै नेतृत्वमा पेरु कम्युनिस्ट पार्टी 'साइनिङ पाथ ' सन १९८० देखि सन १९९२ सम्म जम्मा १२ वर्षमा पेरुमा सशस्त्र जनयुद्ध सञ्चालन भएको थियो ।

१२ सेप्टेम्बर १९९२ का दिन अमेरिकी कठपुतली फुजिमोरीको प्रतिक्रियावादी सरकारले राजधानी लिमाबाट कमरेड गोञ्जालोलाई गिरफ्तार गरि सैनिक जेलमा कैदी नम्बर १५०९ को बन्दी बनाएर कैद गरि आजीवन कारावासको सजाय सुनाए पश्चात् पेरुको सशस्त्र जनयुद्धले सेडव्याक खान पुग्यो। कमरेड गोञ्जालोले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा दिएको योगदानको चर्चा गरिरहँदा संक्षिप्त रूपमा अन्तर्राष्ट्रिय कम्युनिस्ट

आन्दोलनको छोटो चर्चा गर्दा सान्दर्भिक नै होला ।

(१) अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहास भनेको कम्युनिस्ट आन्दोलन भित्र मार्क्सवाद र संशोधनवादका बीचमा चलेको भीषण दुई लाइन संघर्षको इतिहास हो ।

सन १८४६ मा कम्युनिस्ट लिगको गठन भएको थियो। यो नै कम्युनिस्ट पार्टीको पहिलो संगठन हो। सन १८३७ मा कम्युनिस्ट लिगको लण्डनमा पहिलो महाधिवेशन सम्पन्न

भयो। त्यसमा कार्ल मार्क्स ( १८१८ - १८८३ ) र फ्रेडरिक एंगेल्स ( १८२० - १८९५ ) ले भाग लिनु भयो। उक्त महाधिवेशनले मार्क्स र एंगेल्सलाई कम्युनिस्ट घोषणापत्रको मस्यौदा लेख्ने जिम्मा दियो। उहाँहरूले एक वर्ष लगाएर तयार पारेको उक्त मस्यौदालाई सन १८४८ फेब्रुअरी २१ दिन कम्युनिस्ट लिगको तर्फबाट लण्डनमा

कम्युनिस्ट घोषणापत्र जारी गर्नु भयो। त्यस पछि विश्व सर्वहारा वर्ग। र , समस्त श्रमजीवी वर्गले आफ्नो वर्गको मुक्तिको पथप्रदर्शक सिध्दान्त प्राप्त गर्न सफल भयो ।

सन १८५२ मा मार्क्स - एंगेल्सले कम्युनिस्ट लिगलाई विघटन ग्रनु भयो। र, सन १८६४ मा पहिलो अन्तर्राष्ट्रियको गठन गर्नु भयो। त्यसमा लासाल , प्रूँधो जस्ता अवसरवादी र बाकुनियन , ब्लांकी जस्ता अराजकतावादीहरू उक्त अन्तर्राष्ट्रियम घुस्न पुगेपछि

मार्क्सले सन १८७२ मा पहिलो अन्तर्राष्ट्रियटको पनि विघटन गरिदिनु भयो। सन १८७१ मा महान् पेरिस कम्युनको निर्माण भएर ७२ दिन पछि पेरिस कम्युनिस्ट ढलेको भए पनि पेरिस कम्युन अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासमा एक युगान्तकारी परिघटना थियो

। महान् पेरिस कम्युनको असफलताबाट समेत शिक्षा लिदै मार्क्स - एंगेल्सले मार्क्सवादको रक्षा , प्रयोग र विकास गर्ने कार्यलाई अगाडि बढाउनु भयो। तर सन १८८३ मार्च १४ का दिन लण्डनमा मार्क्सको दुखत निधन भयो। मार्क्सको निधनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले अपूरणीय क्षति बेहोर्न बाध्य भयो। त्यसपछि मार्क्सवादको रक्षा , प्रयोग र विकास गर्ने ऐतिहासिक कार्यभार एंगेल्सको काँधमा आयो ।

सन १८८९ मा एंगेल्सको नेतृत्वमा दोस्रो अन्तर्राष्ट्रियको गठन गरियो। सन १८९५ अगस्त ६ का दिन एंगेल्सको पनि निधन भयो। उहाँको निधनले अन्तर्राष्ट्रिय कम्युनिस्ट

आन्दोलनमा गंभीर क्षति पुर्यायो ।

एंगेल्सको निधन भएको ठिक एक वर्ष पछि दोस्रो अन्तर्राष्ट्रियको नेता बर्नस्टिनले मार्क्सवादमाथि संशोधनवाद घुसाएर मार्क्सवादमाथि भिषण हमला गरे। उनले मार्क्सवादमाथि शास्त्रीय संशोधनवादको विजारोपन गरे ।

दोस्रो अन्तर्राष्ट्रिय नेतृत्व भी . आई . लेनिनको काँधमा आयो। दोस्रो अन्तर्राष्ट्रिय पनि सन १०१४ मा विघटन गरियो ।

सन १९१७ अक्टोबर २५ ( नोभेम्बर ७ ) का दिन लेनिनको नेतृत्वमा महान् रुसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भयो। अक्टोबर क्रान्तिकारी एक युगान्तकारी परिघटना थियो ।

सन १९१९ मा लेनिनको नेतृत्वमा तेस्रो अन्तर्राष्ट्रिय ( कोमिन्टर्न ) को गठन गरियो ।

सन १९२४ जनवरी २३ का दिन लेनिनको पनि निधन भयो। लेनिनको निधनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा गंभीर क्षति पुर्यायो ।

लेनिनको निधन पश्चात् तेस्रो अन्तर्राष्ट्रियको नेतृत्व गर्ने र रुसी मोडलको समाजवादलाई अगाडि बढाउने जिम्मा कमरेड स्टालिनको काँधमा आयो ।

दोस्रो विश्व युध्द चलिरहेकै अवस्थामा सन १९४३ डिसेम्बर १० का दिन स्टालिनले तेस्रो अन्तर्राष्ट्रियको पनि विघटन गर्नु भयो। त्यस पछि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन

नेतृत्व विहिन अवस्थामा पुग्यो। सन १९४७ मा स्टालिनले ' कोमिफर्म ' नामक अन्तर्राष्ट्रियको गठन गर्नु भयो। पछि त्यो प्रयोगमा आएन ।

सन १९५३ मार्च ५ का दिन कमरेड स्टालिनको मृत्यु भयो। स्टालिनको मृत्युले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई अपूरणीय क्षति पुर्यायो ।

यसको ठिक तीन वर्षपछि सन २९५६ मा रसियन कम्युनिस्ट पार्टी ( बोल्सेविक ) २० मात्रा हाधिवेशनको आयोजना गरियो। उक्त महाधिवेशनमा महासचिव निकिता ख्रुश्चोवले आधुनिक संशोधनवाद घुसाएर मार्क्सवाद - लेनिनवादमाथि भीषण हमला बोलेर प्रतिक्रान्ति गरेर रुसमा पुँजीवादको पुनःस्थापना गरियो। यसरी ख्रुश्चोवलाई आधुनिक संशोधनवादका पिता भनिन्छ ।

ख्रुश्चोवी आधुनिक संशोधनवादको कमरेड माओले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनभित्र महान् बहस चलाउनु भयो ।

अर्कोतिर सन २९५६ मा चीनमा आठौं महाधिवेशनको आयोजना गरियो। चीनमा पनि ख्रुश्चोवका असली चेलाहरू ल्यू शाओ ची र देङ शाओ पिङ गुटले पुँजीवादी कार्यदिशा घुसाए पछि चीनमा प्रतिक्रान्ति हुन गई पुँजीवादको पुनःस्थापना हुन गयो ।

चीनमा पार्टी भित्र र सत्ता भित्र घुस्न सफल भएका दक्षिणपन्थी संशोधनवादींीहरूका विरुद्ध ' हेडक्वाटरमा बमबाडी ' गर भन्ने मूल नाराका सन १९६६ देखि १९७६ सम्म महान् चिनिया सर्वहारा साँस्कृतिक क्रान्ति सञ्चालन गर्नु भयो र सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिको सिध्दान्त प्रतिपादन गर्नु भयो

सन १९७६ सेप्टेम्बर ९ का दिन कमरेड माओको पनि मृत्यु भयो। कमरेड माओको मृत्युले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा अपूरणीय क्षति हुन गयो। कमरेड माओको मृत्यु भएको ठिक एक महिनना पछि ' ग्याङ अफ फोर ' का ४ रै जना नेताहरू चाङ चुङ चियाओ , चियाङ चिङ , वाङ हुङ वेन र याओ वेन युआनलाई गिरफ्तार गरेर आजीवन जेलमा कोचेर चीनमा प्रतिक्रान्ति गरियो र पुँजीवादको पुनःस्थापना गरियो ।

(२) अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा कमरेड गोञ्जालोको योगदान रुस र चीनमा भएको प्रतिक्रान्तिका परिघटनाहरूले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन र विश्व वैज्ञानिक समाजवादमा गंभीर धक्का मात्रै पुग्न गएन कि विश्व समाजवादी शिविर ढल्न पुग्यो। त्यस प्रकारको नकारात्मक परिघटनाबाट एकातिर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन नेतृत्व विहिन हुन पुग्यो भने अर्कोतिर विश्वभर समाजवादी राज्यहरू ढल्न पुगे पछि त्यसले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन भित्र आकांक्षा राख्नु भएन। देश , जनता र जनताको मुक्ति , जनता कै सुखसुविधा प्रगतिका निम्ति आफ्नो जीवनलाई कठोर भन्दा कठोर जेल जीवन , त्यसमा सैनिक जेलको पिंजडा भित्र कैद गरिदा पनि कहिल्यै विचलित हुनु भएन। साथै घर परिवार र सन्तानहरूको स्वार्थमा रत्तिभर डुब्नु भएन। सैनिकहरूद्वारा दिइएका पाशविक भौतिक तथा मानसिक यातनाहरूबाट कहिल्यै विचलित हुनु भएन। आफ्नो जीवन आफ्नो व्यक्तिगत सुखसुविदा र यैयस आरामभन्दा उहाँले देश , जनता र क्रान्तिको स्वार्थ भन्दामाथि कहिल्यै राख्नु भएन महान् क्रान्तिकारी योध्दाको अनुपम उदाहरण प्रस्तुत गर्न संसार भरका कम्युनिस्ट क्रान्तिकारी कम्युनिस्टहरू र सर्वहारा श्रमजीवी जनताको लागि अति सफल हुनु भएको छ ।

तर नेपालका कम्युनिस्ट आवरणका नेताहरूले भने एउटा पक्षले ऐतिहासिक झापा विद्रोहको व्याज खाएर घोर प्रतिक्रियावादी सत्ताको नेतृत्व गर्न पुगेर जनघात र राष्ट्रघातका श्रृङ्खलाहरू थपिरहेका छन् ।

अर्को तप्काले महान् दस वर्षे जनयुद्धको व्याज खादै प्रतिक्रियावादी सत्ता सहभागी हुँदै आएको छ कम्युनिस्टहरू बदनाम गरिरहेको छ र घोर प्रतिक्रियावादी संसदीय व्यवस्थालाई बलियो बनाउन जीवन मरणको संघर्ष गरिरहेको छ ।

नेपालका कम्युनिस्ट आवरण भित्रका कम्युनिस्ट नेताहरू प्रतिक्रियावादमा रूपान्तरण भएर निहित व्यक्तिगत स्वार्थका लागि जे गर्न पनि तयार हुने , परिवारवाद , फरियावादमा चुर्लम्मै डुबेर नेपाली कम्युनिस्टहरूको संसार सामु बदनाम गराइरहेका छन् ।

यिनीहरू नैट आज संसारका सबैभन्दा भ्रष्ट नेताहरूको लिस्टमा आफ्नो नाम लेखाउन र देखाउन सफल भएका छन् ।

नेपालका कम्युनिस्ट आवरणका नेताहरू सत्ताको नेतृत्व गरिरहेको बेला र पार्टीको नेतृत्व दवजने मौका पाएको बेला देश र जनताको खरबौ रमक आफ्नो बनाएर संसार कै धनी नेता बन्न पुगेका छन्। र, यसरी जनताको सम्पतिमाथि हाली मुहाली गरेकोमा कुनै लाज घिन छैन। त्यसैमाथि आफूलाई गौरवशाली जीवन निर्माण गरेको ठान्ने भएका छन् ।

पद, प्रतिष्ठा र पैसाका लागि जे पनि गर्न तयार हुने , देशका नदी - नाला बेच्ने , देशको सिमाना समेत बेच्न तयार हुने आफ्नो निहित व्यक्तिगत स्वार्थपूर्तिका लागि वैदेशिक शक्तिहरूका सामु लम्पसार परेर आत्मसमर्पण गर्नेहरू आफूलाई कम्युनिस्ट भनिरहन , कम्युनिस्ट पार्टीको झण्डा फहराउन नछाडे कम्युनिस्ट आवरण भित्रका नेपालका नेताहरूले कमरेड गोन्जालोबाट सिक्ने विषयहरू के के होलान् ? यी प्रश्नहरूको ठिक जबाफ के होला भने नेपालका कम्युनिस्ट आवरणका नेताहरूको मृत्यु प्वाँख भन्दा हलौं हुनेछ। अलविदा कमरेड गोन्जालो ।

*(लेखक अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रका अध्यक्ष हुन्) ।*

## कालापानी...

श्रेष्ठले भनेका छन, "केन्द्रीय तथ्यांक विभागले प्रत्येक १० वर्षमा गर्ने राष्ट्रिय जनगणनाको बाह्रौं शृंखला आउँदो कात्तिक २५ देखि मंसिर ९ गतेसम्म नेपाल राष्ट्रभर गर्न लागेको छ। विभागका अनुसार यसपटकको जनगणनामा नेपाल सरकारले प्रकाशित गरेको चुच्चे नक्सामा देखाइएको नेपाली भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरामा बसोवास गर्ने नागरिकको तथ्यांक संकलन गर्न सम्भव नभएको बताइएको छ। यस सम्बन्धमा जनताले जिज्ञासा राखिरहेका छन्, त्यस क्षेत्रको नेपाली भूमिमा बसोवास गर्ने नेपाली बासिन्दाको जनगणना किन नहुने ?"

उनले अगाडि लेखेका छन्, "जनगणना गर्दा 'कोही नछुटून् र कोही नदोहोरिऊन्' भन्ने मान्यता लिइएको हुन्छ। यस्तै यसपटक 'मलाई गणना गर, हामीलाई समावेश गर' भन्ने मूल नाराका साथ जनगणना-२०७८ गर्न लागिएको छ। यस परिप्रेक्ष्यमा नेपालको सार्वभौमसत्ता रहेको लिपुलेक-कालापानी-लिम्पियाधुराका नेपाली बासिन्दाको समेत जनगणना गरिएन भने तथ्यांक विभागको मूल नारा सार्थक हुन सक्दैन। विभागले एकातिर 'ती तीनवटै क्षेत्रका नागरिक नेपाली हुन्' पनि भन्नु तर अर्कातिर जनगणना गर्न सकिन्न पनि भन्नु देशको सार्वभौमिताविरोधी अभिव्यक्ति हो। भैरव रिसालले त्यस क्षेत्रको जनगणना गराएका थिए पनि भन्ने, अनि अहिले आफूले गर्न नसक्ने कुरो गर्ने ? यस्तो विरोधाभाष किन ? नेपाली बासिन्दा रहेको क्षेत्रको जनगणना गर्न छुट्नु हुँदैन ।"

'जनगणना गर्ने क्रममा गणक घरदैलोमा पुगी घरमुलीसँग भेट गरी तिनको घरपरिवारका सबैजनाको संख्या फारममा भरी तथ्यांक स्थापना गरिन्छ। राष्ट्रको कुनै पनि भूभागमा रहेका नेपाली जनगणनाको तथ्यांकमा छुट्नु र दोहोरिनु पनि हुँदैन। यस मान्यताअनुसार दार्चुला जिल्ला व्यास गाउँपालिका वडा नं. १ अवस्थित लिम्पियाधुरा क्षेत्रको पनि जनगणना लिने कार्य छुट्नुहुँदैन। यो क्षेत्र राष्ट्रको सिमानाभित्रको एक भूभाग हो। सन् १९६२ अक्टोबर-नोभेम्बरको भारत-चीन सीमायुद्धपछि नेपालको सार्वभौम क्षेत्र कालापानी भारतले भौतिक रूपमा हठात् ओगटेको मात्र हो।' श्रेष्ठले लेखेका छन्, "कालापानी क्षेत्रको जनगणना तथ्यांक स्थापना गरिएन भने नेपालको भौगोलिक अखण्डता, स्वाधीनतामा प्रतिकूल असर पर्छ। राष्ट्रियताका यस्ता सवालमा सरकार पछि हट्नु हुँदैन, मातहतका निकाय तथा तथ्यांक विभागलाई सरकारले वेलैमा निर्देशन दिनुपर्छ ।"

उनले सम्बन्धित भूभागमा भौतिक रूपमा गएर जनगणना गर्न सम्भव भए प्रविधिको प्रयोग गरी भर्चुअल माध्यम लगायत वैकल्पिक उपायबाट भए पनि जनगणना गरिनुपर्नेमा जोड दिएका छन् ।

देउवा सरकारले कालापानी-लिपुलेक क्षेत्रमा जनगणना नगर्ने मनसाय देखाएपछि केन्द्रिय तथ्याङ्क विभागले भने भारत सरकारले यस अघि त्यस क्षेत्रमा गरेको जनगणनालाई आधार बनाएर जनसंख्या पत्ता लगाउने बिकल्प खोजेका छन् ।

विभागका महानिर्देशक नेवीनलाल श्रेष्ठले यसपटकको जनगणनामा नेपाल सरकारले दाबी गर्दै आएको नेपाली भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरामा वसोवास गर्ने नागरिकको तथ्यांक संकलन सम्भव नहरेको बताइसकेका छन् ।

१५ दिनभित्र सम्पन्न गरिने जनगणनाका लागि यसपटक ३९ हजार गणक र ८ हजार सुपरीवेक्षक परिचालन गरिने भएको छ। ७० लाख परिवार तथा तीन करोड जनसंख्याको गणना १५ दिनको कार्यावधिमा सम्पन्न गरिने तथ्यांक विभागले जनाएको छ। जनगणनाका लागि सरकारले चार अर्बको बजेट छुट्याएको छ।

जेठ २५ गतेदेखि आसर ८ गतेसम्ममा सम्पन्न गर्नुपर्ने यसपटकको जनगणना कोभिड उच्च जोखिमका कारण स्थगन गरिएको थियो। हाल कोभिडको संक्रमण दर केही हदसम्म कम हुँदै गएपपछि तथ्यांक विभागले पुनः सञ्चालन गर्न लागेको हो ।

०७८ सालको जनगणना प्रविधिमैत्री बनाउने विभिन्न सरकारको पालामा कुरा उठे पनि यसपटक भने काठमाडौंमा मात्र प्रविधिको प्रयोग गर्न सम्भव भएको विभागले जनाएको छ। यसपटकको गणनामा विभागले काठमाडौं उपत्यकाको जनगणना गर्नका लागि करिब साढे दुई हजार ट्याब्लेट प्रयोग गरी गणना गरिरहेको छ ।

विश्वका धेरै देशमा जनगणना १०-१० वर्षमा गरिने चलनअनुसार नेपालमा पनि १०-१० वर्षकै अन्तरालमा हुँदै आएको छ। कोभिडकै कारण हाल ८७ देशमा गणना रोकिएको जनाउँदै नेपालले पुनः सञ्चालन गर्न लागेको हो। प्रत्येक १०-१० वर्षमा हुने राष्ट्रिय जनगणना नेपालमा पहिलोपटक विसं १९६८ मा चन्द्रशमशेर प्रधानमन्त्री भएको बखत भएको थियो। यसपटकको जनगणना १२औं शृंखला हो ।

# माला संस्कृति

*मानिसको एक मात्र जाति हुनेछ भन्दै मुठ्ठी उठाउने महाशयहरूको घाँटीले थाम्नै नसक्ने मालाले उसको व्यक्तित्व अग्लिएको छ कि अग्लिएको छ विचारको कसीमा घोटिएर बुझ्न कहिले सक्छन् ? मालाप्रतिको अति आशक्तताको अतिरिक्त यस्ता महानुभावहरूमा प्रतिष्ठाको भोक पनि तीब्र हुन्छ । गणतन्त्र आएपछिको एउटा यस्तो दृश्य देखियो कि एकजना पुराना वामपन्थिको सम्मान कार्यक्रम हुँदै थियो ।*



● मोदनाथ मरहठ्ठा ●

मान्छे किन आफूलाई भिन्न देखाउने इच्छा राख्छ ? पत्रिकाको समाचार लेख्छ- अमुक नेतालाई सय किलोको माला र दृश्यहरू प्रशारण हुन्छन् । दिनेहरू न्वारन देखिको वल निकाल्छन् । पहिरीने जन्तु कूचुक्क किचिन्छ । दर्शकहरू हेर्छन् र ट्वाँ पर्छन् । माला पहिऱ्याउनेले सोच्छन् उ हाम्रो सर्वस्व हो । माला पहिरिने ठम्याउँछ म मालिक हुँ यिनिहरू दास हुन् । मानौं उ कसैको मालिक बन्ने सपना वुनिरहेछ र खुशीले उफ्रँदो छ तर उसलाई हेक्का छैन कि यो माला जिम्मेवारीको गहकिलो भारी हो ।माला पहिरीनु सामान्य विषय हुँदै होइन । माला प्रेम, सद्भाव सम्मानको वस्तु हो । तर बुझ्नेहरूले चाकरी बुझ्छन् दिने र लिने दुवैले । फूल त्यत्तिकै फूल्दैन त्यो विरुवा हुर्काउन, बढाउन, फूलाउन कति श्रम पर्छ त्यो माला बनाएर चाकरी गर्नेले बुझ्दैन न त त्यो पहिरीने जन्तुले नै बुझ्दछ । मालाको महत्व वेग्लै छ तर हामीकहाँ यो संस्कृति विकृतितिर बढ्दो छ । कुनै औपचारीक वा अनौपचारीक भेट होस ठूलो भनिएकाको घाँटीमा एक होइन दुई होइन बिसौं तिसौं माला देख्दा लाग्छ यि मान सम्मान वा चाकरीका भोका छन् गहिरिएर हेर्दा माला र राजनिति दुवै यस्ता पात्रका लागि सौख र दम्भ बनेको छ । जुन नेता वा पात्रसित जनता र मुलुकका समस्या माथि चिन्तित छैन, तर्क छैन बुद्धि छैन तर मालाले पुरिएर गर्विलो भै टोपल्छ धिक्कार छ यो पात्र ! माला प्रेम सद्भाव र आत्मियताका लागि प्रयोग हुने आभुषण हो हाम्रो सँस्कारमा विवाह, उत्सव र खासगरी तिहारमा यसको प्रयोग हुन्छ । तर अहिलेको राजनीतिमा माला यति विकृत छ लगाउने भन्दा देख्ने लजाउँछ ।

राजनीतिलाई कमाउ थलो बनाएका पूँजीवादी हुन कि समाजवादी उद्घाटन विमोचन होस कि भेटघाट घाँटीमा माला झुण्डाएकै हुन्छन् । कुनै औपचारीक गोष्ठि, भेला वा उद्घाटन विमोचन जे होस डाक्ने र डाकिने दुवैले मालाको दुरूपयोग गर्छन् । अरू न अरू आफूलाई जनताको मान्छे वा कम्युनिष्ट पार्टीको कार्यकर्ता भनाउनेहरू पनि माला र मञ्चमा ऱ्याल चुहाएका हुन्छन् । तिनले पढेको मार्क्सवाद तिनले बुझेको लेनिनवाद माला देखेपछि भुतुक्क मर्छ । जब उ भित्रको मार्क्सवाद मर्छ नि अब उ सुरिन्छ विषयको छेउ टुप्पो न छोइकन आफ्नो औकात देखाउँछ र मालाको महत्व मिल्काउँछ । मञ्चमा रहँदा वा गलामा माला रहँदासम्म उ महामालिक बन्छ र सहभागी सबैलाई रैति बनाउँछ । हाम्रो परम्परामा मालाको छुट्टै महत्व छ दिदी बहिनीले दाइभाइ वा दाइभाइले दिदी बहिनीलाई प्रेम र सद्भावको प्रतिक तिहार पर्वमा माला पहिऱ्याउन । विवाह वा प्रणय प्रतिवद्धताको समयमा वर बधु दुवैले प्रेम र समर्पणको मान्यतामा माला पहिऱ्याउँछन् । त्यहाँ विभेदको गन्ध हुँदैन तर मञ्चासिन मालावाल र सहभागीमा विभेदको पर्खाल चैं उभिन्छ । मालावाल आफू मालामाल छ । मालाको बोझले उ दुनिएको छैन वरु अरू भोक जागेको हुन्छ । विवेकलाई उसले सद्गत गरी सकेको छ । उ सित छ त केबल प्रतिष्ठाको भोक छ सम्मानको भोक छ । हिजो आफूलाई उभ्याएको दर्शन र विचारको भण्डार चुनिएको दिन देखिनै त्यागि दिएको छ । उसमा नयाँ भोक उम्रिएको छ यसरी नै म चीरिञ्जीवि भइरहुँ ।

मालाको इतिहास खोतल्दै जाँदा आर्य समाजको इतिहासतिर फर्कनु पर्ने हुन्छ । परम्परामा महिलाहरूले हाड, काठ वा काँचका माला पहिरिएका हुन्थे । त्यस्तो माला श्रृङ्गार आभुषण हुन्थ्यो । सामन्तवादी समाजमा त्यस्ता मालाहरू वर्गीय हुन्थे । त्यो प्रकारको विभेद अहिले पनि छ । साक्ष्यका रूपमा महिलाहरूको सिक्री, तिलहरी वा मंगलसुत्र पर्छन् । यी यस्ता प्रकारका माला भलै वर्गिय नै होउन आर्थिक हैसियत हुनेले लगाउँछ । तर जो सामाजिक राजनैतिक क्षेत्रको कार्यकर्ता वा नेताको पंक्तिमा दह्रिएको दावी गर्छ नि उ यस्ता मालाहरू प्रति अति आशक्त हुन्छ । उ आफ्नो संगठन वा कार्यकर्तालाई माला संस्कृतिको विरुद्ध प्रशिक्षण दिने क्षमता राख्दैन उ कर्म र अकर्मको बीचको विभेद छुट्याउँदैन । अझ सबैभन्दा अस्वभाविक पक्ष के छ भने आफूलाई सर्वहारा श्रमीकको पक्षपाती हुँ भन्ने दावी गर्छ, नयाँ संस्कृति निर्माणको ढोल पिट्छ उपेक्षित अपहेलित तप्काको प्रतिनिधि हुँ भन्छ तर माला संस्कृतिमा मौन बस्छ वा अब चेतनामा मालाको आशामुखी बन्छ ऱ्याल चुहाउँछ ।

मानिसको एक मात्र जाति हुनेछ भन्दै मुठ्ठी उठाउने महाशयहरूको घाँटीले थाम्नै नसक्ने मालाले उसको व्यक्तित्व अग्लिएको छ कि अग्लिएको छ विचारको कसीमा घोटिएर बुझ्न कहिले सक्छन् ? मालाप्रतिको अति आशक्तताको अतिरिक्त यस्ता महानुभावहरूमा प्रतिष्ठाको भोक पनि तीब्र हुन्छ । गणतन्त्र आएपछिको एउटा यस्तो दृश्य देखियो कि एकजना पुराना वामपन्थिको सम्मान कार्यक्रम हुँदै थियो । कार्यक्रमको आयोजना त्यस वेला वाही वाही पाएको राजनैतिक संगठनको जिल्ला समितिले गरेको थियो । पुराना नेताको सम्मान भएकोले केन्द्र प्रदेश सबैतिरका नेता कार्यकर्ता उपस्थित थिए । मञ्चको एक छेउमा मालाको बिटो झुण्डयाइएको थियो । कार्यक्रमको शुरु हुनु पुर्व सबै जसो नेताहरू फटाफट मञ्चमा उक्लिँदै माला पैह्रन थाले साँस्कृतिक क्रान्तिको कुरा गर्ने दलको प्रतिष्ठा मोह बुझि नसक्नुको छ । मालासँग जोडिएर आउने अर्को आभुषण छ खादा । एक जना अतिथिका लागि एक धरो खादासम्म स्वभाविक मानौ तर आफ्ना संगठनका कुनै पात्र आधारभूत कार्यकर्ता कहाँ जब पुग्छन् हरेक कार्यकर्ता हातमा खादाको धरो बोकेर राणाकालमा चाकरीमा उभिएको कारिन्दा झैं नेताको बाटो ढुकेर उभिन्छन् यस्ता दृश्य अहिले टोल टोलमा देख्न पाइन्छ । कतिपय संघ संगठनहरूले चक्रिय रूपमा खादा प्रयोग गर्ने गरेका पनि हुन सक्छन् जिल्ला वा इलाका कार्यालयमा आइ पुगेका नेता महाशयलाई पहिऱ्याइएका खादाको धर यदि नेताहरूले विटो वाँधेर लगेनन् भने त्यो कार्यालयमै रहने भयो र फेरी फेरी नेताको घाँटीमा बेर्हिने भयो । अथवा कुनै गृहस्थ नेताले खादा जम्मा गर्दै रह्यो भने घरका सदस्यले पोछा लगाउन वा करेसावारीमा वारवन्धनको लागि चोयाको सट्टा प्रयोग गर्ने पनि गरेको पाइन्छ । खादा वा मालाको अवमूल्यन भइरहँदा पनि दिने र लिनेले आफूहरूलाई परिमार्जन गराउन भने सकेका छैनन् ।

*वैशाख २५, २०७८*
*रत्ननगर*

---

## अखिल...

छरिएका नेपाली मजदुरहरूको आर्थिक-राजनीतिक-सांस्कृतिक हक-अधिकारको पक्षमा आवश्यक संघर्ष अघि बढाउने लक्ष्यका साथ यो संगठनको स्थापना भएको हो ।

कोभिड-महामारी वा आतंक संगै सन् २०२० यता मजदुरहरू माथि संकटका हजारौं पहाड खसिरहेका छन । वैदेशिक रोजगारीमा रहेका नेपाली मजदुरहरूले यसप्रकारको समस्या सँग निरन्तर जुध्दै आएका छन । अहिले पनि कयौं नेपाली मजदुरको स्वदेश आउने प्रक्रिया अनिश्चित छ । कम्पनीको शोषण र दूतावासको व्यवस्थापकीय अक्षमता वा लापरबाहीका कारण मजदुरहरूले दैनिक सास्ती भोगिरहेका छन । रोजगारी गुमाएका हजारौं मजदुरलाई सम्बन्धित कम्पनीले तलब सुविधा र हवाई टिकट दिन अस्वीकार गरेको छ । यसप्रकारको स्थितिमा सम्बन्धित देशका कुटनैतिक नियोगले आवश्यक पहल गर्नुपर्नेमा नियोगहरू उल्टै लुट-सास्तीमा संलग्न भएको र झन दुःख दिएको भन्दै मजदुरहरू आक्रोशित छन । रोजगारीको प्रक्रियामा मृत्यु भएका मजदुरका कयौं लाशहरू बेवारिसे अवस्थामा रहेका छन । यसप्रकारको स्थितिको अन्त्यका निम्ति यस संगठनले मजदुरहरू संग अनवरत सहकार्य गर्दै संघर्षमा जाने निर्णय गरेको छ । जस अनुसार विभिन्न देशका मजदुर संग समन्वय गर्ने गरि संयोजक समेत छनौट गरिएका छन ।

यस संगै भेलाले स्वदेशमा रोजाईको निम्ति आवाज बुलन्द गर्दै भ्रष्ट राज्य-संयन्त्र, दलाल चरित्रका मेनपावर व्यवसायी र विचौलियाहरूको मजदुर लुट-धन्दा, अवैधानिक बाटो प्रयोग गरि नेपाली श्रम-श्रमिक बेच्ने मानव-तस्करको जाल-षड्यन्त्र एवं अपमानजनक वैदेशिक रोजाईको नाममा श्रमशक्तिको निर्यात गरेर चैन गरिरहेका शासकहरूका गलत नितिका विरुद्ध कठोर संघर्ष गर्ने निर्णय गरेको छ ।

महासंघका अध्यक्ष इश्वर तिमिल्सिना एवं महासचिव वसन्त बोगटीको उपस्तिथिमा सम्पन्न भेलाले संगठनका पुर्व संयोजक सुर्य गिरिलाई यस अवधि सम्म संगठन-आन्दोलनलाई नेतृत्व प्रदान गरेकोमा धन्यवाद दिएको छ । -*वसन्त बोगटीबाट*

## क्रान्तिकारी...

मोर्चाका संगठन विस्तार, भेलार सम्मेलन गर्ने निर्णय गरेको छ ।

सुदुरपश्चिम प्रदेश सेक्रेटरी राम बहादुर महरा चिन्तक दिएको जानकारी अनुसार बैठकले गरिब किसानका समस्या, मलखाद नपाउने समस्या समाधान गर्न सम्कन्धित निकायको ध्यानाकर्षण गराउने र किसानलाई मल खाद विउ बिजनको उचित व्यवस्थापनका लागि स्थानिय सरकार ज्ञापनपत्र बुझाउने निर्णय गरेको छ।

बैठकमा विशेष अतिथि मोहन वैद्य किरणले समसामयिक राजनीतिक विषयसहित वैचारिक, राजनीतिक हत्वको प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो ।

कृष्ण सामुदायिक वन उपभोक्ता समिती अधक्ष्य दान बहादुर बोहरा सा.व का पदाधिकारीले क्रान्तिकारी माओवादी सुदुरपश्चिम प्रदेश बैठकका लागि आउनु भएका महासचिव किरणलाई स्वागत गर्दै खादा ओढाएर फुलमाला लगाई सम्मान गरेका थिए ।

## पोखरामा...

शाषकहरूको लागि मात्र भएकोले आफुहरू जनताको गणतन्त्र स्थापना गर्नको लागि संघर्षरत रहेको बताउनुभयो ।

अर्का प्रस्तोता प्रा.डा. ओम गुरूङले भूकम्प सन्त्रासको प्रतिकुल परिस्थितिको फाइदा लिएर ४ राजनीतिक दलको १६ बुँदे प्रतिगामी सहमतिका आधारमा २०७२ साल असोज ३ गते जारी गरिएको नेपालको वर्तमान संविधान पनि प्रतिगामी नै छ । यो संविधानले नेपालका आदिवासी जनजाति लगायत उत्पीडित जाति तथा वर्ग समुदायको पहिचान र हकअधिकार सुनिश्चित गरेको छैन । बरू संविधानले ऐतिहासिक कालदेखि जाति, वर्ग, भाषा, धर्म र क्षेत्र लिङ्गको आधारमा भईरहेको विभेद र उत्पीडनलाई निरन्तरता दिएको छ भन्दै आत्मनिर्णयको सैद्धान्तिक सहमति र जातीय क्षेत्रीय स्वशासनको आधारमा पहिचान सहितको संघीय स्वायत्त प्रदेसहरूको निर्माण गरिनु पर्छ भन्ने धारणा राख्नुभयो ।

उहाँ दुईजनाको कार्यपत्र माथि वरिष्ठ अधिवक्ता तिलक पराजुली, पृथ्वीनारायण क्याम्पसका सह-प्राध्यापक लक्ष्मीशरण अधिकारी, मार्क्सवादी लेखक तथा वरिष्ठ बामपन्थी नेता रामराज रेग्मीले टिप्पणी गर्नुभएको थियो । टिप्पणीकारहरूले दुईजना प्रस्तोताले प्रस्तुत गर्नुभएको कार्यपत्रहरू विस्तृत र विचार उत्तेजक छ भन्दै प्रस्तोताहरूले जुनकुरा प्राप्त गर्न खोज्नुभएको छ, त्यसमा उहाहरूको स्वयम लाग्नु भएको पनि छ भन्दै उहाँहरूको सफलताको लागि शुभकामना पनि व्यक्त गर्नुभयो ।

कार्यक्रमको अध्यक्षता केशबहादुर परियारले आफ्नो छोटो मन्तव्य सहित कार्यपत्र प्रस्तोताद्धय र टिप्पणीकारत्रय तथा सहभागी सबैलाई धन्यबाद दिदै सभा बिसर्जन गर्नुभयो । कार्यक्रमको बिचमा सङ्गम सांस्कृतिक मञ्चका कलाकार काजीबाबु श्रेष्ठ र डिबी वान्तवाले जनवादी गीत प्रस्तुत गरेका थिए ।

## दाङमा...

दिँदै अखिल (क्रान्तिकारी) का फयाक्सन इन्चार्ज भण्डारीले देशको समसामयिक राजनीतिक स्थिति र क्रान्तिकारी विध्यार्थीहरूले खेल्नुपर्ने भुमिकाको विषयमा मन्तव्य राख्नु भएको थियो ।

उक्त कार्यक्रममा अखिल (क्रान्तिकारी) दाङ जिल्ला अध्यक्ष थापाले अतिक्रमित नेपाली भुमि फिर्ता, एमसीसी खारेजी, शिक्षा-स्वास्थ्य क्षेत्रका विकृति विसंगती, महंगी, भ्रष्टाचार लगायतका विषयलाई लिएर संगठन निरन्तर संघर्षको मैदानमा रहेको चर्चा गर्दै आम सचेत युवा विद्यार्थीहरू अब चुप लागेर बस्न नहुने बताउनु भयो । अध्यक्ष थापाले विद्यालय, क्याम्पसमा हुने भ्रष्टाचार, अनियमितता, ढिला सुस्ती लगाउत तमाम बेथितिका विरुद्ध संघर्ष गर्ने बताउनु भएको छ ।

उहाँले संगठन र संघर्षलाई जिल्लाका सबै स्कुल क्याम्पसहरूमा एक साथ अभियानको रूपमा ससञ्चालन गरिने पनि बताउनु भयो ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी,**
ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।

**सम्पर्क–**

कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०


---

## ❑ साताको कविता

# गोन्जालो



❑ जगदीशचन्द्र भण्डारी



*आँधी र तुफानसँग लड्यो*
*पेरूको आकाशबाट*
*दुनियाँमा चम्क्यो*
*जुध्यो वर्गदुस्मनसँग*
*जुध्यो फेरि जुध्यो*
*फरकफरक किसिमबाट*
*पछाडि फर्केन कहिल्यै*
*हतास भएर मरेन कहिल्यै*
*एन्डुज पर्वत शृङ्खलामा*
*सबभन्दा माथि*
*जो चम्कन सक्यो*
*त्यो प्रिय गोन्जालो हो*
*त्यो रेनोसो हो*

*जसले जीवनलाई*
*कहिल्यै ननिभ्ने*
*चम्किलो आगो बनायो*
*र साम्राज्यवादलाई*
*आतङ्कित बनायो*
*तिनका षड्यन्त्रलाई*
*धुजाधुजा बनायो*
*जलायो*
*त्यो आगो अर्थात्*
*सर्वहारा वर्गको*
*प्रिय आगो*

*वर्गशत्रुका हिंस्रक*
*नङ्ग्रा भाँच्ने*
*तिनका शोषणका साम्राज्यमा*
*धावा बोल्ने*
*मेरो प्रिय कमरेड*
*कहिल्यै मर्दैन*
*मरेको छैन*
*यतैकतै छ*
*सर्वहाराका युद्धसिविरमा*
*अर्को युद्धको*
*तयारी गर्दै छ*
*त्याग उत्सर्गको*
*विचित्रको आगो बन्दैछ*

*कहाँ निभेको देख्यौ*
*तिमीले त्यो आगो*
*लाखौं लाख श्रमजीवीका*
*स्वप्नचाहबाट निर्मित*
*उत्सर्गबाट प्रज्ज्वलित*
*अविमल गुन्जमान*
*जो निरन्तर निरन्तर*
*विस्फोटित भइरहन्छ*
*बलिरहन्छ बलिरहन्छ*

*त्यो अर्थात्*
*संसारभरिका*
*उत्पीडित मानिसका*
*हृदयभित्र बलिरहेको*
*जागिरहेको गोन्जालो*
*कहाँ सकियो त्यो*
*बेइमानहरूलाई*
*लाग्छ त्यस्तो*
*मैदानबाट भाग्नेलाई*
*लाग्छ त्यस्तो*
*काँचा र धोखेबाज*
*दाउरा रहेछन् ती*
*ती बल्दा रहेनछन्*
*स्वाँग गर्दा रहेछन्*
*गोन्जालो त*
*इतिहासको स्पाटार्कस*
*अँध्यारोलाई*
*उज्यालो भन्दैन*
*युद्धबाट भागेर*
*वर्गशत्रुसँग*
*प्रेम गर्दैन*
*आगोको गुलाब हो*
*हजारौं वर्षदेखि*
*फुल्दै आएको छ*
*फुलिरहन्छ सुक्दैन*

## नेपाली...

देखिदैन । व्यक्तिगत आफूहरू, धनि हुने खालको देखिन्छ । देशमा भ्रष्टचार, व्याप्त छ तर सुन्ने व्यक्ति तथा संस्था छैन । यस्तो छ सरकारको अबस्था । अहिले अब देशमा एम.सि.सि पास गरेर अमेरीकी सेनालाई सुम्पदै छन् । नेपाल सरकार अमरीकी सेना नेपालमा अड्डा जमाएर बस्दा के हालत होला नेपालको अबस्था अन्यत्र बिश्वका अमेरीका सेना बसेका देशहरूमा यसले हित गरेको छैन् । नेपाल त बिश्वको रणभुमि बन्छ । अमेरिकाको दाउ नेपालबाट चिन हान्ने चिनमा गडबढि मचाउँने दाउ हो । यहाँ त रणभुमि बन्ने हो । नेपाली जनताले विरोध गरे कत्लेयाम, हत्या गर्दछन अन्यत्र यस्तो देखिन्छ । स्वाभीमानी नेपालीले यसको बिरोध गनुपर्छ ।

त्यसैले नेपाली किसानहरूको मूक्ति यो नेपालको अबस्था अर्ध सामन्ती, अर्ध औपनीवेशिक तथा नब औपनिबेसिक रहुन्जेल र यी दलाल पार्टीहरू कमजोर नहुदासम्म देश मुक्त पनि हुदैन र नेपाली जनताहरू, किसाहरू,मजदुरहरूको अवस्था पनि फेरिन्न । बरु अझ गडेर जान्छ र गडिरहेको छ । यो अवस्थाबाट नेपाल र नेपाली जनता किसान मजदुर बिभिन्न जनजाती, दलित ,मुस्लीम, महिला आदि जातीहरूको मुक्ति हुनलाई नयाँ जनवादी व्यवस्था स्थापना गनुपर्छ । त्यसको निमित सही क्मुनिष्ट पार्टी जसलाई सर्वहाराको अधिनायकत्व भनिन्छ । त्यो पार्टी बैचारीक,राजनैतिक, सांस्कृतिक र सौद्धान्तिक रूपमा निष्ठामान भएको देशभक्त मार्सवादी पाटी भएको हुनपर्छ । नेपालमा अहिले अरु पाटी भन्दा राम्रो पाटी नेपाल क्मुनिष्ट पाटी (क्रान्तिकारी माओवादी) को छत्र छाँयमा रहि नेपाली जनता तथा नेपाली किसानहरू ,मजदुरहरू, जाती जनजातीहरू ,दलित, मुस्लीम,महिला र देशभक्तहरू सबैलें आफ्नो आफ्नो समस्यालाई लिएर जनताको माझमा जानुपर्छ । जनतालाई हाम्रो दुःख को अबस्थाबाट सुखको अबस्थामा ल्याउने बाटोको बारेमा बुझाउनु पर्छ । उनिहरूलाई सेकताप गदै अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) मा सङ्गठित गदै आफ्नो जायज मागहरूलाई अगाडी बढाउदै आन्दोलन संघर्षलाई हाम्रा माग पुरा नहुदासम्म निरन्तर अगाडी बढदै आफ्नो लक्ष्य पुरा गर्न नेपाली जनता नेपाली किसानहरूको मुक्ति हुन्छ । त्यसको लागी अहिले देखि इमान्दारीताका साथ लाग्ने बुझने र बुझाउँ गदै व्यापक किसानहरूको माझमा जानु आजको आवश्यकता हो । स्थानिय मागहरूलाई लिई आवश्यकता अनुसार संङघर्ष गदै राष्ट्रिय मागहरू उठाउँदै उच्च खालको संङघर्षको तयारी गदै नयाँ जनबादी राज्य ब्यवस्था स्थापनाको संङघर्ष गरि जनगणतन्त्र नेपालको स्थापना गर्नु नेपाली किसानहरूको मुख्य काम हो । तब मात्र नेपाली किसानहरूको मुक्ति हन्छ । अन्यथा नेपालमा सहि अर्को बाटो छैन ।

२०७७/१२/११मा

*(नि.बर्तमान संयोजक, हाल केन्द्रिय सल्लाहकार, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का केन्द्रिय समिति सदस्य हुनुहुन्छ ।)*

## कमरेड...

तथा अखिल नेपाल महिला संघ क्रान्तिकारीकी केन्द्रीय अध्यक्ष अम्बिका मुडभरी, पार्टीका केन्द्रीय सल्लाहकार तथा किसान नेता भुमिश्वर कडेल, स्वतन्त्र वामपन्थी नेता भक्ति प्रसाद लामिछाने , राष्ट्रिय जागरण मञ्चका संयोजक गुणराज लोहनी, एम.सी.सी. खारेजी अभियान चितवनका संयोजक फणीन्द्र आचार्य , कवि पुर्ण बहादुर अधिकारी , रविकिरण निर्जीव , जगत बहादुर श्रेष्ठका भतिज राजकुमार श्रेष्ठ लगायतले बोल्दै कमरेड जगतबहादुर श्रेष्ठले नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा पुर्याउनु भएको योगदानको विषयमा चर्चा गर्नु भएको थियो । उहाँको व्यक्तित्व र कृतित्व अनुकरणीय रहेको भन्दै वक्ताहरूले नेपाली क्रान्तिका बाँकी कार्यभार पूरा गर्न विचार मिल्ने शक्तिहरू एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रमको अध्यक्षता पार्टीका केस तथा चितवन जिल्ला इन्चार्जले गर्नुभएको थियो भने सहजीकरण जिल्ला सेक्रेटरी अशोक शर्माले गर्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य जगतबहादुर स्मृति प्रकाशन समितिका सहसचिव मोदनाथ मरहट्ठाले गर्नुभएको थियो ।

## वैज्ञानिक...

भइरहँदैन । बरु यसले सामाजिक परिवर्तनको एउटा पुरा ऐतिहासिक चरण पार गर्दछ ।

अब, नेकपाले निर्धारण गरेको न्यूनतम राजनीतिक कार्यक्रम र त्यसलाई प्राप्तगर्ने रणनीति बारे केही कुरा गरौं । त्यसले राजतन्त्रको अन्त्यलाई नै सामन्तवादको अन्त्य भएको अर्थ लगाएर नेपाली क्रान्तिको चरण वैज्ञानिक समाजवाद हो भनी किटान गरेको छ । यो निष्कर्ष वस्तुवादी छैन । नेपाली क्रान्तिका तीनथरि आन्तरिक दुश्मनहरू मध्ये हिजो सामन्तवादको प्रतिनिधि राजतन्त्रले प्रतिक्रियावादी सत्ताको नेतृत्व गरेको थियो र त्यसले दलाल तथा नोकरशाही पुँजीपति वर्गको स्वार्थको पनि रक्षा गर्दथ्यो । आज नेपालमा गणतन्त्रको स्थापना भइसकेपछि सामन्तवाद केही कमजोर बनेको छ र सत्ताको नेतृत्वमा दलाल पुँजीपति वर्ग पुगेको छ । दलाल पुँजीपति वर्ग सामन्तवादको विरोधी होइन र हुँदैन । साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको विशेषता नै सामन्तवादको आर्थिक तथा सांस्कृतिक आधारलाई आफ्नो हित अनुकूल हुने गरी त्यसको संरक्षण गर्ने र उत्पीडित देशमा दलालहरूको खेती गरेर बहुराष्ट्रिय कम्पनीहरूका लागि बजार सुरक्षित गर्ने हो । यसले राष्ट्रिय पुँजीलाई ध्वस्त पार्दछ । यसरी अहिले पनि साम्राज्यवाद, दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवाद नै नेपाली क्रान्तिका प्रमुख निशाना हुन् । यस्तो क्रान्ति सर्वहारा वर्गको नेतृत्वमा सम्पन्न हुन्छ र जनताको जनवादी अधिनायकत्वका रूपमा व्यक्त हुन्छ । यही नयाँ जनवादी क्रान्ति हो र नेपाली क्रान्तिको न्यूनतम कार्यक्रम पनि हो । नेपालको विद्यमान अर्थ-सामाजिक अवस्थामा वैज्ञानिक समाजवाद न्यूनतम कार्यक्रम हुन सक्दैन ।

वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुग्नु सबै क्रान्तिकारी कम्युनिस्टहरूको एकमात्र उद्देश्य हो । त्यसकारण हाम्रो पार्टीले वैज्ञानिक समाजवादप्रति कुनै विमति राख्ने प्रश्न नै आउँदैन । नेपालको विद्यमान अर्थ-सामाजिक स्थितिमा मुख्यतः तीनवटा कारणले वैज्ञानिक समाजवाद नेपाली क्रान्तिको तात्कालिक कार्यक्रम हुन सक्दैन भन्ने हाम्रो बुझाइ हो । पहिलो, नेपालमा करिब दुई-तिहाइ जनता कृषि पेशामा संलग्न छन् । गरिब किसान नेपाली क्रान्तिको आधारभूत शक्ति हो, तर यो निजी सम्पत्तिप्रति आशक्त छ । यो स्थितिमा अहिले नै सानो जोतवाला किसानलाई सम्पत्तिमाथि निजी स्वामित्वको अन्त्य गर्ने समाजवादी क्रान्तिको प्रक्रियामा जोड्न सकिन्न र तिनको सक्रिय संलग्नता बिना नेपालमा क्रान्ति संभव छैन । दोस्रो, नेपालमा मजदुर, किसान लगायत आम उत्पीडित वर्ग तथा समुदायले झेल्दै आएका राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्याहरू विकराल बन्दै गएका छन् । यी समस्या समाधान गर्ने आन्दोलनमा क्रान्तिकारी जनता गोलवन्द हुँदै आएका छन् र यी समाजवादी क्रान्तिका नारा होइनन् । तेस्रो, नेपालमा दलाल पुँजीको विकास हुँदै आएको छ, तर त्यसको जगमा समाजवादको निर्माण हुन सक्दैन । मुख्यतः यी तीनवटा कारणले नेपाली क्रान्तिको प्रक्रियामा वैज्ञानिक समाजवाद पूर्व नयाँ जनवादको एउटा छोटो चरण आवश्यक हुन्छ । समाजवादी आन्दोलनमा किसानलाई सहभागी बनाउन क्रान्ति सम्पन्न भए पछि पनि रुसमा लेनिनले नयाँ आर्थिक नीति अवलम्बन गर्नु भएको कुरालाई हामीले बिर्सन हुँदैन ।

नयाँ जनवाद कुनै स्थायी चरण होइन । यो अर्ध-सामन्ती र अर्ध/नव-औपनिवेशिक राज्य व्यवस्थाको भग्नावशेष माथि वैज्ञानिक समाजवादी राज्य व्यवस्थाको जग बसाउन आवश्यक हुने छोटो सङ्क्रमणकालीन चरण हो । नयाँ जनवादलाई निरन्तरता दिनु पर्छ भन्ने ल्यु शाओचीको पुँजीवादी लाइनका विरुद्ध माओले चलाएको सङ्घर्ष र नयाँ जनवादी क्रान्ति सम्पन्न भएको जम्मा ८ वर्षपछि नै चिनीया कम्युनिस्ट पार्टीले समाजवादमा फड्का हान्न गरेको निर्णयले यसलाई प्रस्ट गर्दछ । नयाँ जनवादी क्रान्तिको चरणमा सत्ताको नेतृत्व सर्वहारा वर्गको पार्टीले गर्ने हुनाले नयाँ जनवादबाट समाजवादमा जान त्यति ठुलो प्रतिरोधको सामना गर्नु पर्दैन । नयाँ जनवादी क्रान्ति सम्पन्न भएपछि कम्युनिस्ट पार्टी त्यसैमा रुमलिने होइन, समाजवाद तर्फ अगाडि बढ्नु पर्दछ । नयाँ जनवाद र वैज्ञानिक समाजवादका बीचमा त्यति ठुलो पर्खाल हुँदैन ।

नयाँ जनवादका सन्दर्भमा नेकपाको आठौ महाधिवेशनद्वारा पारित दस्तावेजले प्रस्तुत गरेको अवधारणा मूलतः सही थियो । दस्तावेजमा लेखिएको छ, "हामीले नेपालमा शान्ति, स्वाधीनता, समानता र समृद्धिको बाधक बनेको दलाल पुँजीवादी संसदीय व्यवस्थालाई परिवर्तन गर्नुछ । नयाँ जनवादी क्रान्तिको पुल पार गर्दै वैज्ञानिक समाजवाद स्थापना गर्नुछ । यो नेपाली राजनीतिको युगीन कार्यभार हो ।" यस उद्धरणमा भनिए जस्तै नयाँ जनवाद भनेको अर्ध-सामन्ती तथा अर्ध/नव-औपनिवेशिक अवस्थामा रहेको समाजलाई वैज्ञानिक समाजवादसँग जोडने राजनीतिक पुल नै हो, स्थायी चरण होइन ।

तर, अहिले आएर नेकपा आफ्नै महाधिवेशनले पारित गरेको नयाँ जनवादलाई पुलको रूपमा स्वीकार गर्न तयार छैन । रणनैतिक संयुक्त मोर्चा मार्फत् तल सङ्घर्षका कार्यक्रमहरू लैजाने विषयमा यसले अवरोध खडा गरेको छ । प्रचण्डहरूले नेपालमा नयाँ जनवाद आफ्नै मौलिकतामा पुरा भयो भने पनि नयाँ जनवादका बाँकी रहेका कार्यभार समाजवादी चरणमा पुरा गरिने छन् भन्न अहिलेसम्म छाडेका छैनन् । यो उनीहरूले क्रान्तिको प्रक्रियामा गरेको गद्दारीलाई लुकाउन र जनताका बीचमा आफूहरू क्रान्तिको स्वाभाविक प्रक्रियाबाट विचलित नभएको भ्रम दिन भनेको धोकापूर्ण अभिव्यक्ति हो । तर, प्रचण्डले नेपाली क्रान्तिमा धोका दिए भनेर चर्को आलोचना गर्ने कमरेड विप्लव प्रचण्ड भन्दा पनि अझ अगाडि बढेर नयाँ जनवाद शब्द सुन्नै नचाहने ठाउँमा कसरी पुगे ? त्यसमाथि यदाकदा नेकपाका केही नेताका मुखबाट सुन्न पाइने बृहत कम्युनिस्ट एकता जस्ता अभिव्यक्तिलाई कसरी बुझ्ने ? यी र यस्ता प्रश्नले विषयलाई निकै गम्भीर बनाएको छ ।

अव कार्यनीतिका बारे छोटो चर्चा गरौं । सर्वहारा वर्गको पार्टीले रणनीतिक उद्देश्य प्राप्त गर्नका लागि शोषित तथा उत्पीडित जनताको सङ्घर्षशील चेतना, सङ्गठनको आत्मगत स्थिति, प्रतिक्रियावादी शक्तिहरूका बीचको अन्तर्विरोध आदि विषयको वस्तुवादी विश्लेषणको आधारमा धेरैभन्दा धेरै जनतालाई आन्दोलनमा गोलबन्द गर्न सहयोग पुग्ने गरी निर्धारण गरिएको तात्कालिक नीतिलाई पार्टीको कार्यनीति भनिन्छ । कार्यनीति तत्कालको परिस्थिति सापेक्ष हुन्छ र परिस्थितिमा आउने परिवर्तनसँगै यसलाई परिवर्तन गरिराख्नु पर्दछ । यसै भएर लेनिनले कार्यनीति २४ घण्टामा बदलिन सक्छ भन्नु भएको हो । कार्यनीतिलाई पार्टीको दैनिक राजनैतिक आचरण पनि भन्ने गरिन्छ ।

क्रान्तिकारी पार्टीले विशेष ध्यान दिनु पर्ने कुरा के हो भने क्रान्तिको एउटा रणनीतिक चरण अन्तर्गत् कार्यनीतिका थुप्रै श्रृङ्खलाहरू हुन्छन् । ती कार्यनीति कार्यान्वयनको प्रक्रियामा कुनै बेला शक्ति सन्तुलन क्रान्तिकारीको पक्षमा विकसित हुन्छ र त्यो विशिष्ट स्थितिमा पार्टीको रणनीति नै तात्कालिक कार्यनीतिक एजेण्डा हुन पुग्दछ । त्यो नै रणनीतिक उद्देश्य प्राप्तिको अन्तिम विन्दु हो । यहाँ, बुझ्नु पर्ने अर्को कुरा के हो भने अर्थ-सामाजिक विश्लेषणका आधारमा क्रान्तिको रणनीति निर्धारण गरिसकेपछि त्यसको सफलता वा असफलताको मूल जिम्मेवार कार्यनीति हुन्छ, रणनीति आफै होइन । रणनीति नै अवस्तुवादी र गलत पनि हुन सक्छ, अन्यत्र पनि समस्या हुन सक्छन्, त्यो अर्कै कुरा हो । यहाँ भन्न खोजिएको कुरा के हो भने क्रान्तिको रणनीति सही छ भने पार्टीले अवलम्बन गर्ने कार्यनीति कान्तिको विजय वा पराजयका लागि जिम्मेवार हुन्छ । यतिमात्र पनि होइन, कुनै बेला त कार्यनीतिक सफलता रणनीतिक सफलताको बाधक समेत भएर आउन सक्छ । यस्तो स्थिति कार्यनीति नै गलत भएको कारणले वा कार्यनीति सही भए पनि परिस्थिति बदलिएको कारणले पैदा हुन्छ ।

कार्यनीति र रणनीतिको अन्तरसम्बन्ध बारे कमरेड स्तालिनले अत्यन्त सटिक संश्लेषण गर्नु भएको छ । सङ्कलित रचना भाग ५, पृष्ठ ६६ मा उहाँ भन्नु हुन्छ, "कार्यनीतिहरू रणनीतिक स्वार्थका मातहत हुन्छन् । सामान्य ढङ्गले भन्ने हो भने, कार्यनीतिक सफलताले रणनीतिक सफलताको तयारी गर्छ । कार्यनीतिको काम भनेको सङ्घर्षमा जनतालाई यस्तो नारा दिनु र सङ्घर्षमा यसरी नेतृत्व दिनु हो, जुन सङ्घर्षले युद्धमा विजय अर्थात् रणनीतिक सफलता हासिल गरोस् । तर कहिले काहीँ कार्यनीतिक सफलताले रणनीतिक सफलतालाई विफल बनाउने वा त्यसलाई पर धकेल्ने अवस्था पनि आउन सक्छ । यस्तो स्थितिमा क्रान्तिकारीहरू कार्यनीतिक सफलतालाई छाडेर अगाडि बढ्नु पर्दछ ।" स्तालिनको यो भनाइले कार्यनीतिको काम रणनीतिको सेवा गर्ने हो भन्ने कुरालाई मात्र जोड दिएको छैन, बरु यसले रणनीतिको सेवा नगर्ने कार्यनीतिक सफलता वस्तुतः सफलता नै होइन र त्यस्तो सफलताको पछि नगालेर क्रान्तिकारीहरूलाई रणनीतिको सेवागर्ने अर्को कार्यनीतिको विकास गर्न पनि सुझाएको छ । यो कार्यनीतिका सन्दर्भमा स्तालिनबाट प्राप्त एउटा अत्यन्त महत्वपूर्ण शिक्षा हो ।

क्रान्तिको सफलताका लागि रणनीतिको निर्धारण र तदनुरूपको कार्यनीतिको विन्यास कति सम्वेदनशील हुन्छ भन्ने कुरा माथिको छलफलबाट प्रस्ट हुन्छ । सच्चा कम्युनिस्टहरूले सामान्यतः रणनीतिमा त्यति गल्ति गर्दैनन् । गल्ती हुने कार्यनीतिमा हो । गल्ती मुख्यतः दुई प्रकारका हुन्छन् । एक, रणनीतिमा जोड दिने तर, कार्यनीतिको विकासमा ध्यान नदिने । यस्तो पार्टीले रणनीतिको प्रचार त निकै गरिराखेको हुन्छ, तर क्रान्तिकारी आन्दोलनको विकास गर्न सक्दैन । यसको वैचारिक आधार जडसूत्रवाद हो । दुई, कार्यनीतिको विकासमा त निकै जोड दिने तर त्यसले रणनीतिको सेवा गर्छ कि गर्दैन भन्ने कुरामा ध्यान नदिने । यस्तो पार्टीले सङ्गठन र सघर्षको क्षेत्रमा केही विकास त गर्न सक्छ, तर क्रान्ति सफल पार्न सक्दैन । यसको वैचारिक आधार अनुभववाद हो र दक्षिणपन्थी विसर्जनवाद यसको अन्तिम परिणाम । रणनीति र कार्यनीतिको सन्दर्भमा मुख्यतः यी दुई प्रकारका गल्तीबाट बचेर क्रान्तिको विकास र विजयमा जोड दिनु पर्दछ ।

नेपाल कम्युनिस्ट पार्टीले वैज्ञानिक समाजवादलाई नेपाली क्रान्तिको न्यूनतम कार्यक्रम बनाएको छ र त्यसलाई प्राप्त गर्नका लागि प्रगतिशील संयुक्त सरकारको स्थापना तथा त्यसैको नेतृत्वमा हुने जनमत सङ्ग्रहलाई कार्यनीतिका रूपमा अगाडि सारेको छ । अर्को भाषामा भन्नु पर्दा प्रगतिशील सरकारको नेतृत्वमा गराइने जनमत सङ्ग्रहको प्रक्रियाबाट नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्नु नेकपाको तत्कालीन कार्यनीति हो । यसरी नेकपाले प्रस्तुत गरेको कार्यनीतिको सेटमा प्रगतिशील संयुक्त सरकार, जनमत सङ्ग्रह र वैज्ञानिक समाजवाद रहेका छन् ।

पहिला सरकारबारे कुरा गरौं । कुनै पनि क्रान्तिकारी कम्युनिस्ट पार्टीले क्रान्ति पूर्व सरकारको नारा दिनै पर्छ भन्ने छैन । तर, आन्दोलनको विशिष्ट स्थितिमा पार्टीले कार्यनीतिक सरकारको नारा दिन सक्छ अथवा दिनु पर्ने हुन्छ । सामान्यतः वर्ग सङ्घर्ष चर्किएको र शक्ति सन्तुलन क्रान्तिकारीहरूका पक्षमा रहेको स्थितिमा क्रान्तिकारी पार्टीले यस्तो नारा दिने गर्छन् । १९०५को क्रान्ति उत्कर्षतिर गएको बेला लेनिनको नेतृत्वमा रुसको कम्युनिस्ट पार्टीले अस्थायी क्रान्तिकारी सरकार र संविधान सभाको चुनावलाई कार्यनीतिका रूपमा अगाडि सारेको थियो । लेनिनले रुसी सर्वहारा वर्गको तात्कालिक र "समाजवादको अन्तिम उद्देश्य" पुरा गर्नका निमित्त "पूर्ण संभव राजनीतिक स्वतन्त्रता" प्राप्त गर्न त्यस्तो कार्यनीति आवश्यक भएको कुरा सामाजिक जनवादी पार्टीका दुई कार्यनीति भन्ने महत्वपूर्ण कृतिमा उल्लेख गर्नु भएको छ । यहाँ के कुरामा स्पष्ट हुन आवश्यक छ भने अस्थायी क्रान्तिकारी सरकार र संविधान सभालाई रुसमा सिधै समाजवाद स्थापना गर्ने राजनीतिक प्रक्रियाका रूपमा अगाडि सारिएको थिएन, बरु तिनलाई समाजवादको उद्देश्य पुरा गर्नका निम्ति सहयोगी हुने पूर्ण राजनीतिक स्वतन्त्रता प्रदान गर्ने साधनका रूपमा प्रस्तुत गरिएको थियो ।

१९०५को अक्टोबरमा क्रान्ति उत्कर्षतिर पुगे पनि रुसी कम्युनिस्ट पार्टीले अगाडि सारेको कार्यनीतिक नारालाई त्यति बेला प्रतिक्रियावादी सत्ताले स्वीकार गरेन । १९१७ को फरवरी क्रान्तिपछि मात्र रुसमा अस्थायी क्रान्तिकारी सरकार कार्यान्वयनमा गयो । तर, लेनिनको नेतृत्वमा रहेको रुसी कम्युनिस्ट पार्टी (बोल्शेभिक) त्यसमा सहभागी भएन । लेनिनको नेतृत्वमा क्रान्तिकारीहरू सम्पूर्ण सत्ता सोभियतलाई भन्ने नारा लिएर अगाडि बढे र जनविद्रोह मार्फत् अक्टोबर २५मा रुसमा समाजवादी क्रान्ति सम्पन्न भयो । क्रान्ति पछि बनेको समाजवादी सरकारले रुसमा संविधान सभाको निर्वाचन गरायो । तर संविधान सभामा बोल्शेभिकहरू अल्पमतमा परेको र देशको परिस्थिति निकै अगाडि बढिसकेको स्थितिमा संविधान सभाले समाजवादी सत्तालाई सुदृढ गर्न सहयोग पुऱ्याउने भन्दा पनि क्रान्तिकारीहरूलाई अल्झाउने अवस्था पैदा भयो । त्यो स्थितिमा संविधानसभालाई भङ्ग गरी क्रान्तिकारीहरू अगाडि बढे । त्यति बेला संविधान सभाको निर्वाचनलाई आफ्नो कार्यनीतिक सफलता ठानेर पार्टी त्यसैमा लुटपुटिएको भए रुसी क्रान्ति कता जान्थ्यो भन्न सकिन्न ।

यसैगरी जापानी आक्रमणकारीहरू प्रतिरोध युद्धमा परास्त हुँदै गएको र चिनिया क्रान्ति गृहयुद्धको चरणमा प्रवेश गर्नै लागेको विशिष्ट स्थितिमा १९४५मा आयोजित चिनिया कम्युनिस्ट पार्टीको सातौं राष्ट्रिय महाधिवेशनमा संयुक्त सरकारको कार्यनीतिक नारा पारित भयो । यही कार्यनीति अन्तर्गत, पार्टीले जापानी आक्रमणकारीहरूलाई पूर्ण रूपमा परास्त गर्ने, नयाँ चीनको निर्माण गर्ने र गृहयुद्धलाई रोक्ने घोषित उद्देश्य सहित कोमिन्ताङ्को एकल पार्टी अधिनायकत्वको अन्त्य र जनवादी संयुक्त सरकारको स्थापना गर्ने माग अगाडि सार्‍यो । पार्टीले प्रस्ताव गरे अनुसार चीनमा संयुक्त सरकार त बनेन, तर त्यो कार्यनीतिक नारा कोमिन्ताङका मुठ्ठीभर अनुदारवादी शासकलाई एक्ल्याएर चीनमा क्रान्तिका लागि व्यापक जनमत निर्माण गर्न सफल रह्यो । माओको नेतृत्वमा १९४९ अक्टोबर १ मा जनवादी गणतन्त्र चीनको स्थापना भयो । लेनिनको पार्टी अस्थायी क्रान्तिकारी सरकार बनेर पनि त्यसमा सहभागी भएन र चीनमा संयुक्त सरकार नै बनेन । तर ती कार्यनीतिक सरकारका नाराले क्रान्तिको सफलताका निमित्त जनतालाई गोलबन्द गर्न निकै महत्वपूर्ण भूमिका खेलेका थिए ।

क्रान्तिको प्रक्रियामा कुनै पनि कम्युनिस्ट पार्टीका लागि कार्यनीतिक सरकारको नारा दिनै पर्ने वा दिनै नहुने त्यस्तो कुनै सैद्धान्तिक विषय होइन । यो तात्कालिक स्थितिमा क्रान्तिको आवश्यकता हेरी पार्टीले निर्धारण गर्ने कुरा हो । नेपालमा कार्यनीतिक सरकारको नारा दिने कि नदिने दिए कस्तो दिने भन्ने कुरा नेपाली क्रान्तिको तात्कालिक स्थिति र शक्ति सन्तुलनमा भर पर्छ । यति बेला नेपालमा शक्ति सन्तुलन क्रान्तिकारीको पक्षमा छैन । क्रान्तिकारी कम्युनिस्ट आन्दोलन अत्यन्त कमजोर रहेको, प्रायः तीनै तहका सरकारमा विभिन्न रूपका संशोधनवादीहरूको अत्यधिक दवदवा भएको, थुप्रै प्रतिक्रियावादी पार्टीहरूले समेत समाजवादलाई आफ्नो कार्यक्रमिक उद्देश्य भन्दै आएको, त्यसमाथि नेपालको सम्विधानमै देश समाजवाद उन्मुख हुने कुरा लेखिएको र सत्ता तथा व्यवस्थाबाट वाक्कदिक्क भए भनि त्यसका विरुद्ध जनता सडकमा आउन तयार नभइरहेको स्थितिमा प्रगतिशील सरकारको गठन र त्यसैको नेतृत्वमा पुँजीवाद कि वैज्ञानिक समाजवाद भन्ने फैसला गर्नका लागि नेकपाले अगाडि सारेको जनमत सङ्ग्रहको कार्यनीतिले दिने राजनीतिक निकास कस्तो हुने हो ? यो प्रश्न निकै विचारणीय छ ।

नेकपाको यो कार्यनीतिक नाराका आधारमा के भन्न सकिन्छ भने पार्टीले निर्धारण गरेको वैज्ञानिक समाजवादी क्रान्तिको कार्यक्रम अव जनमत सङ्ग्रह मार्फत् कार्यान्वयन गर्ने विन्दुमा आइपुगेको छ । अर्थात् पार्टी जनमत सङ्ग्रहको कार्यनीति मार्फत् वैज्ञानिक समाजवादी क्रान्ति पुरा गर्न अगाडि बढेको छ । मार्क्सवादका अनुसार वैज्ञानिक समाजवाद भनेको पुँजीवाद र साम्यवादका बीचको सङ्क्रमणकालीन राज्य व्यवस्था हो र समाजवादी सत्ता सर्वहारा वर्गको नेतृत्व र अधिनायकत्वमा आधारित हुन्छ । अव यहाँ गम्भीर प्रश्न अगाडि आउँछ, नेपालको प्रतिक्रियावादी सत्तालाई जनमत सङ्ग्रह पछि बन्ने सरकार र संविधानले विस्थापित गर्न सम्भव छ ? सत्ताको प्रश्न हल नगरी बन्ने सरकार र संविधानले सर्वहारा वर्गको अधिनायकत्व लागु गर्न सक्छ ? सक्दैन भने सत्ताको प्रश्न हल गर्ने र सर्वहारा वर्गको अधिनायकत्व लागु गर्ने विधि के हो ? यो क्रान्तिको फैसला गर्ने निर्णायक प्रश्न हो । नेकपाले यसबारे खुला र स्पष्ट धारणा राखेको छैन ।

यसै सन्दर्भमा गएको २०७७ फागुन २१ गते नेकपाका महासचिव कमरेड विप्लव र नेपाल सरकारका तत्कालीन प्रधानमन्त्री केपी ओलीको बीचमा तीन बुँदे सहमति भएको छ । उक्त सहमतिको बुँदा नं १ मा "दुबै पक्ष नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी देशको राजनीतिक समस्याहरू वार्ता र सम्वादबाट समाधान गर्न सहमत भएका छौं" र बुँदा नं २ मा "नेपाल कम्युनिस्ट पार्टी आफ्ना सबै राजनीतिक क्रियाकलाप शान्तिपूर्ण रूपमा गर्न सहमत भएको छ" भन्ने लेखिएको छ । पार्टी र आन्दोलन अप्ठ्यारो स्थितिमा परेको बेला सङ्घर्षलाई अगाडि बढाउनका लागि संझौतामा भाषा मिलाएर कुनै बेला पार्टीको योजनामा एक कदम पछाडि हट्नु पर्ने स्थिति आउन सक्छ । यस अर्थमा यो सहमतिले नै सबै कुरा बिगार्‍यो नभनौं । तर, कुरा यति मात्र होइन । "राजनीतिक समस्याहरू वार्ता र संवादबाट समाधान गर्न सहमत" हुने, "सबै राजनीतिक क्रियाकलाप शान्तिपूर्ण रूपमा गर्न सहमत" हुने, जनमत सङ्ग्रहबाट वैज्ञानिक समाजवाद स्थापनाको कार्यनीति पेशगर्ने तर मुख्यतः राज्यसत्ताको प्रश्न हलगर्ने विषयमा सारसङ्ग्रहवादी तर्क गरेर पन्छिन खोज्ने कुराले नेकपाले गर्ने भनेको एकीकृत जनक्रान्ति कस्तो हो भन्ने एउटा गम्भीर प्रश्न खडा गरेको छ । यो त्यत्तिकै पन्छाउन मिल्ने सामान्य विषय होइन ।

यो स्थितिमा नेकपाका सामु मुख्यतः दुइवटा संभावना देखिन्छन् । एक, पार्टीले अगाडि सारेको प्रगतिशील सरकार एवम् जनमत सङ्ग्रहको मागलाई सरकारले स्वीकार गर्ने र त्यसपछि बनेको संविधानमा अव नेपाल वैज्ञानिक समाजवादमा प्रवेश गर्‍यो भन्ने वाक्याङ्श लेखेर क्रान्तिको प्रक्रिया टुङ्गिने । यो भनेको स्तालिनले भने जस्तै कार्यनीतिक सफलता रणनीतिक सफलताको बाधक बन्ने स्थिति हो । दुई, सरकारले जनमत सङ्ग्रहको मागलाई स्वीकार नगर्ने । यो स्थितिमा वैज्ञानिक समाजवाद सम्पन्न गर्नका लागि प्रस्ताव गरिएको कार्यनीति आफै रणनीति बनेर पार्टी जनमत सङ्ग्रहको गोल चक्करमा फस्ने । यसरी नेकपाले प्रस्तुत गरेको प्रगतिशील सरकार र जनमत सङ्ग्रहको कार्यनीति क्रान्तिको रणनीतिलाई सफल पार्ने भन्दा पनि क्रान्तिलाई नै सिध्याउने कार्यनीति बन्न जाने त होइन, एउटा गम्भीर प्रश्न खडा भएको छ ।

बुढाहरूले क्रान्ति गर्दैनन् भनेर छिटै क्रान्तिगर्न हिँडेका विप्लवहरू आज यो स्थितिमा पुग्नुका पछाडि वैचारिक तथा राजनीतिक कारणहरू जिम्मेवार छन् । आठौं महाधिवेशनको दस्तावेजमा मार्क्सवादी दर्शन, विपरीतहरूको एकता र सङ्घर्षको नियम, वैज्ञानिक समाजवाद, नेपालको अर्थ-सामाजिक अवस्था, वर्गविश्लेषण, साम्राज्यवाद, दुई-लाइन सङ्घर्ष, राष्ट्रिय मुक्तिको सवाल लगायतका क्षेत्रमा अगाडि सारेका जुन मान्यतालाई नेकपाले मार्क्सवादको विकास भनेको छ, त्यसले पार्टीलाई क्रमशः मार्क्सवादबाट विमुख बनाउँदै लगेको छ । यसरी यतिबेला नेकपाले अगाडि सारेको क्रान्तिको न्यूनतम कार्यक्रम, त्यसलाई प्राप्त गर्ने रणनीति र तात्कालिक कार्यनीतिका बीचमा देखिएको बेमेललाई विशुद्ध रणनीति र कार्यनीतिको मात्र नभएर विचारधारात्मक तथा राजनीतिक समस्याका रूपमा वुझ्नु पर्दछ ।

*असोज ७, २०७८*

## आलोपालो

# नेपाली किसानको हालको अबस्था र मुक्तिको बाटो

● भुमिश्वर कँडेल ●

*सिमाना च्यापेर सिमानाका किसानहरूलाई लखेटी राखेको छ । खास गरेर भारतले तर राज्य बोल्दैन । भारतले नेपालको जमिन चापी आफ्नो नक्सामा हाल्दा पनि सरकार तात्दैन । भारतको हेपाहा प्रबृत्तिको दलाली गरेर सरकार बसेको छ । गरिब देशका धनि नेता भएर बसेका छन् । राज्यलाई जनता, किसान, राष्ट्रियता, देश औद्योगिक करण तिर लाने मतलब चासो देखिदैन*

नेपाल कृषि प्रधान देश हो तर कृषि प्रधान भनिएको देशमा बिदेशबाट बर्षमा अरबौं अरबौको खाद्यान्न देश भित्र भिज्याइन्छ । बिडण्बना छ हाम्रो नेपालमा । यहाँको जनसंख्या २६४९४५०४ (०६८ सालको जनगणना अनुसार) छ । अहिले त करिब करिब पुगनपुग ३ करोड पुग्न लागेको होला । नेपालमा कृषिमा आधारित किसान जनसंख्या ६५.६% रहेको छ । ६०% किसानलाई आफुले गरेको खेतीले खान पुग्दैन र साल सालसालाना ऋण थपिदै गई ३-४ बर्ष पछि जमिनै बेचेर ऋण तिर्दै गर्दा किसानहरू भूमिहीन बन्दै गैरहेका छन् । यो तराई भेगको कुरा हो । पहाडी जिल्लाहरूमा त कतिपय किसानहरू खान नपुगेर घर छोडेर तराई तिर झरेका छन् । तराईमा निबेक, ज्यालादारी, मजदुरी, कृषि जमिन थोरै ठेक्का पट्टा गरेर जिबिका चलाई रहेका छन् । किसान युबाहरू नेपालमा रोजगारी नपाएकोले बिदेशमा रोजगारीका लागि लाखौं लाख युबाहरू बिदेशिएका छन् । जस्ले गर्दा किसान जनशक्तिको अभाबले गर्दा पनि देशमा संकट आएको छ । राज्यबाट सिचाई, मल, विऊ, किटनाशक, औषधिहरूको व्यबस्था पनि वैज्ञानिक छैन । समयमा उपलब्ध हुदैन । कथम उञ्जाएको फसल पनि बेच्नको लागि बजारको व्यवस्थापन छैन । जमिनकै कुरा गर्दा पनि पर्याप्त कृषि गर्ने जमिन पनि धेरै किसानहरूको छैन । धेरै जसो भूमिहीन बन्दै गैरहेका छन् । यस्तो अबस्थाबाट कसरी नेपालको कृषि माथि उठ्न सक्छ ? नेपाल त सोमालिया जस्तो भुखमरी देश वन्यो, यहाँ त भारतबाट आयातित र अन्य देशहरूबाट खाद्यान्न आएको छ । नेपालीहरू खास गरेर किसानका छोरा छोरीहरू विश्वका बिभिन्न देशमा रोजगारीको लागि गएका छन् जादैछन् त्यहि पैसाले यहाँका परिवारले किनेर खाने गर्दछन् । कोहीको जागिर नोकरी छैन । बिदेश जाँन पनि केहि खर्च रूपैया चाहिन्छ । त्यो नपाएर यहि निवेक, मजदुरी, कहिले काही गरेर दिनमा एक छाक खाएर बसेका पनि छन् । यस्तो स्थितिमा कसरी नेपाली किसानको प्रगति हुन सक्छ र ? सरकार कृषिको लागि नहर बनाउला भन्दा नदिनालाहरू बिदेशीलाई वेच्दछन् । पानी देशमा भए पनि नभए जस्तो छ । देश बिकास गर्न बिजुलीको खाचो हुन्छ । राज्यले बिद्युत बिदेशीलाई बेच्छ, आफ्नो देशले बिद्युत निकाल्दैन बजारको व्यवस्थापन राज्यबाट नभएकोले किसानको माल सामान सस्तोमा विचौलियाले लिन्छन् । किसानको त नाफाका कुरा त परै जायोस् लगानी जेला पनि उठन गाहो छ । एकाध किसान बाहेक धेरै जसोले त परम्परागत खालको निर्बाहमुखी खेती प्रणाली मा नै व्यस्त हुनुहुन्छ । यहि तरिकाबाट दिन काट्ने काल पर्खने अबस्थामा हुनुहुन्छ भने, अर्को थरि थोरै धनि किसानहरू जग्गा प्लटीङ्ग, हाउजिङ्ग गर्दै छन् । सरकार किसानको कुरा गरेर थाक्दैन । तर किसान र देशलाई फाइदा हुने काम गर्दैन । एकाध राहात पाएपनि खासगरेर सरकारका आफ्ना मान्छेहरूलाई दिने चलन छ । राज्यका अंगहरूमा रहने मानिसहरू एकाध बाहेक दिनका दिन मोटाइराखेका छन् । बिदेशीले

सिमाना च्यापेर सिमानाका किसानहरूलाई लखेटी राखेको छ । खास गरेर भारतले तर राज्य बोल्दैन । भारतले नेपालको जमिन चापी आफ्नो नक्सामा हाल्दा पनि सरकार तात्दैन । भारतको हेपाहा प्रबृत्तिको दलाली गरेर सरकार बसेको छ । गरिब देशका धनि नेता भएर बसेका छन् । राज्यलाई जनता, किसान, राष्ट्रियता, देश औद्योगिक करण तिर लाने मतलब चासो *बाँकी ७ पेजमा*


कोरोनाकालको चाडबाड सकेसम्म नगरौं भेटघाट, भाइरसबाट जोगिएर मनाऔंला अर्को साल ।

नेपाल सरकार
विज्ञापन बोर्ड








**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।